मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

## कार्की आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग



समाचार पृष्ठ ५ मा

● वर्ष ४ ● अंक १२५ ● २०८२ साल चैत्र १० गते मंगलबार ● Tuesday 24, March 2026 ● सूर्योदय: बिहान ०६:०५ बजे ● सूर्यास्त: साँझ ०६:१८ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# शैक्षिक इतिहासको धरोहर हरिखेतान: कसरी दिने पुनर्जीवन ?

**मधेशदृष्टि**
**वीरगंज।**

वीरगंजको शैक्षिक इतिहासमा एएउटा महत्वपूर्ण नाम हो हरिखेतान बहुमुखी क्याम्पस । मधेश तराई–मधेश क्षेत्रकै एक प्रमुख सामुदायिक शैक्षिक संस्थाका रूपमा स्थापित यस क्याम्पसको यात्रा, केवल एउटा शिक्षालयको विकासगाथा मात्र होइन, समुदायको साझा सपना, समर्पण र निरन्तर संघर्षको कथा पनि हो। उच्च शिक्षा अध्ययन गर्ने चाहना हुँदाहुँदै पनि विभिन्न बाध्यता र विवशताका कारण दिनभर मेहनत गर्नुपर्ने बर्गका लागि राति पढ्न पाउने सुन्दर भविष्यको गोरेटो बनेर स्थापित बनेको हरिखेतान, छोरी पढाउन हुन्न, पढाए पनि घर बाहिर पठाउन वा केटाहरू पढने शिक्षालयमा छोरी पठाउन हुन्न भन्ने संकीर्णनता समाजले पालेकै बेला कैयन छोरीको भविष्य उज्यालो बन्दै महिला क्याम्पस लिएर आएको हरिखेतान आफैं बाटोविहीन, अँध्यारोतर्फ धकेलिन विवश हुँदैछ।

विसं. २०३८ सालमा स्थापित यो क्याम्पसको सुरुआत कुनै भव्य भवन वा ठूलो पूर्वाधारबाट भएको थिएन । सुरुआती दिनहरूमा क्याम्पसले त्रिजुद्ध माध्यमिक विद्यालयको भवनमा साँझ कक्षा सञ्चालन गर्दै आफ्नो यात्रा प्रारम्भ गरेको थियो । सीमित स्रोत, न्यून जनशक्ति र थोरै विद्यार्थीको बीचबाट सुरु भएको यो प्रयास समयसँगै हजारौं विद्यार्थीको रोजाइ बन्न सफल भयो । मेचीदेखि महाकालीसम्मका कैयन विद्यार्थी हरिखेतानमा अध्यायन गर्नकै लागि वीरगंज आउँथे।

### सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच:

क्याम्पसले नारालाई व्यवाहारमा रुपमान्तरण गरेका थियो । थोरै शुल्कमा गुणस्तरीय शिक्षा, यातायात निःशुल्क, अनुशासित शैक्षिक वातावरण हरिखेतानको विशेषता थियो।

### आन्दोलन र बिग्रिएको क्याम्पसको उपमा

बिग्रनलाई समय नलाग्ने रहेछ । हिजो उत्तम शैक्षिक वातावरण भएको शिक्षालयको रुपमा चर्चा भइरहने हरिखेतान बहुमुखी क्याम्पस बेथितिग्रस्त र बिग्रिएको क्याम्पसको रुपमा चर्चा बटुल्दै छ । विद्यार्थी आफ्नो भविष्य अन्यौलमा देखिरहेका छन् भने अभिभावक कसरी आफ्ना बालबालिकालाई त्यहाँबाट निकालेर अन्यत्र लैजाने भन्नेमा विचार विमर्श गरिरहेका छन् । क्याम्पसको व्यवस्थापन शाखाका विद्यार्थीका अभिभावक, वीरगंज राधेमाई टोला निवासी भैयाराम यादव विद्यार्थीको ट्रसफर प्रकृयाबारे बुझ्न ल फर्म पुगेका थिए। कतिपय अभिभावक शैक्षिक सत्र सकियोस् भनेर बसिरहेका छन् भने कतिपय अभिभावक हिजोका जस्तो हरिखेतान कसरी बनाउन सकिन्छ, त्यसतर्फ पहल गरौं भन्ने पक्षमा देखिएका छन्।

कलेजका समस्याको बिजारोपण केही पहिले नै भए पनि त्यसको प्रत्यक्ष असर चालु शैक्षिक सत्रबाट देखिन थालेको हो । बितेको पुस यता पटकपटक विद्यार्थी आन्दोलन भइरहेका छन्। पुस महिनामा नै सडकमा आन्दोलनमा उत्रिएको विद्यार्थीलाई थामथुम पारेको भए पनि यसपटक त्यो छताछुल्ल पोखियो । चैत ९ गते आइतबारदेखि पूर्वनिर्धारित कक्षा ११ र १२ को आन्तरिक परीक्षा एकाएक सोही दिन बिहान स्थगित भएको सूचना टाँसियो । परीक्षा पनि विद्यार्थीको सिकाइको महत्वपूर्ण पाटो हो । विगतमा हरेक तीन महिनामा परीक्षा हुने र परीक्षाको अंकको आधारमा मासिक ट्यूसन शुल्कमा सहुलियत दिने गरिन्थ्यो । तर यो शैक्षिकसत्र सुरु भएको नौ महिना बितिसक्दा एउटा पनि परीक्षा भएको थिएन। बल्लतल्ल हुन लागेको परीक्षा पनि स्थगित भएपछि विद्यार्थी आक्रोशमा आउनु स्वभाविक थियो । आक्रोशित विद्यार्थीले आफूलाई ओसार्ने क्याम्पस बस तोडफोड गर्दै आन्दोलन सुरु गरे । तोडफोडको आरोपमा केही विद्यार्थी पक्राउ परेपछि झन आगोमा घ्यू थपेको जस्तो भयो। उनीहरू नाराबाजी गर्दै घण्टाघर चोकमा पुगेर आवागमन ठप्प पारे । क्याम्पसको समस्याबारे विद्यार्थीले गत आन्दोलनको दौरान जिल्ला प्रशासन कार्यालय पर्सामा अवगत गराएको थियो । तर समाधानको पहल खासै परिणाममुखी देखिएन, सोही कारण पनि उनीहरू प्रहरी प्रशासनकै विरुद्ध नाराबाजी गर्न थाले।

### आन्दोलनरत पक्षको मिल्दाजुल्दा कुरा

परीक्षा स्थगित हुनुको कारण थियो । क्याम्पसका प्रध्यापक, शिक्षक, कर्मचारी विगतदेखि नै विभिन्न १५ बुँदे माग राखेर सांकेतिक आन्दोनमा थिए । हरिखेतानमा आंशिक र पूर्णकालीनसमेत गरी करिब १ सय २७ प्रध्यापक, शिक्षक, कर्मचारी छन् । उनीहरूको मागप्रति व्यवस्थापन पक्षबाट सुनुवाइ नभएपछि उनीहरूले पनि यही हो मौका भन्ने ठानेर परीक्षाकै बेला कामकाज ठप्प गर्दै आन्दोलनमा उत्रिए । कलेजका प्रध्यापक, शिक्षक, कर्मचारीले काम नगर्ने भएपछि परीक्षा हुन सम्भव थिएन।

आन्दोलनरत दुवै पक्षका केही बुँदा मिल्दाजुल्दा छन्। मनोमानी नियुक्ति बन्द गरियोस्, क्याम्पसलाई पूर्णरुपमा सामुदायिकरण गरियोस् र आर्थिक पारदर्शिता होस् भन्ने माग दुवै पक्षबाट उठेको छ। माग क्याम्पस स्थापनाको मर्मसँग जोडिएको छ । क्याम्पसको स्थापना र विकासमा स्व. बिहारीलाल खेतानको भूमिका अत्यन्त महत्वपूर्ण मानिन्छ । समाजसेवी तथा उद्योगपति खेतानले आफ्ना स्वर्गीय पुत्र हरि खेतानको स्मृतिमा क्याम्पस स्थापना गरेका हुन् । उनले क्याम्पसका लागि आवश्यक प्रारम्भिक पूर्वाधार निर्माणका साथै जमिन व्यवस्थापनमा समेत गरेर पूर्ण सामुदायिक क्याम्पस स्थापना गरेका हुन्।

### समस्याको प्रमुख कारण

क्याम्पसको मूल समस्य 'सामुदायिक कि निजी'बाट सुरु भएको हो । स्व. बिहारीलाल खेतानले पुण्यभावका साथ सामुदायिक क्याम्पस स्थापना गरेका हुन् । सोहीअनुसार हरिखेतान बहुमुखी क्याम्पस भवन रहेको घडेरी जमिन ६ कठ्ठा १२ धुर हरिखेतान गुठीको नाममा छ । क्याम्पसको विधानमा पनि सामुदायिक क्याम्पस नै भनिएको छ।

क्याम्पसको रेकर्ड अनुसार विसं. २०७९ जेठसम्म क्याम्पसको पुरानो विधान थियो । विधानमा क्याम्पस व्यवस्थापन समितिमा वीरगंज महानगर, उद्योग वाणिज्य संघ, गुठी संस्था, जिल्ला समन्वय समिति, सांसद सदस्यलगायत समितिमा रहने र समुदायबाटै अध्यक्ष चुनिने व्यवस्था थियो । समुदायले दाता परिवारबाट अध्यक्ष चुन्दै आएको पनि हो । २०७९ असारदेखि विधान परिवर्तन गरी नयाँ विधान आएको देखिन्छ । नयाँ विधानमा पहिलेदेखि रहँदै आएका प्रतिनिधिलाई निषेध गरिएको छ भने अध्यक्षमा दाता परिवारकै सदस्य स्वतः रहने भन्ने एकल अधिकारको कुरा छ । सोही व्यवस्थाबमोजिम संस्थापक दाता स्व. विहारीलाल खेतानका नाति प्रेमप्रकाश खेतान स्वतः हरिखेतान क्याम्पसका अध्यक्ष बनेका छन्। उनी आफ्नो कामको सिलसिलामा प्रायः काठमाडौं रहने हुँदा उनका विश्वास पात्रहरूलाई सदस्य वा अन्य रुपमा राखेर क्याम्पस सञ्चालन गरिरहेका छन्।

यसरी कलेज सञ्चालन गर्दा क्याम्पसको शिक्षक, प्राध्यापक, कर्मचारी मनोमानी नियुक्ति र मनोमानी अवकाश हुने गरेको आन्दोलनरत पक्षको आरोप छ । क्याम्पस प्रमुख वा निमित्त प्रमुखको रुपमा जसलाई राखे पनि अधिकारविहीन, प्रकृया पुऱ्याउने रवर स्ट्याम्पको रुपमा मात्रै रहने हुँदा क्याम्पसमा काम गर्ने भन्दा व्यवस्थापन पक्षको 'ज्यू–हजुरी' गर्ने, कुरा लगाउनेले स्थान पाउँदै गएको पीडित पक्षको भनाइ छ । क्याम्पसको सञ्चालन प्रणाली कोल्याप्स भएर, मुख्यतः क्याम्पस प्रशासन र व्यवस्थापनसमेत चलाउनु पर्ने क्याम्पस प्रमुख नै अधिकारविहीन भएपछि अनुशासनहीनता र अराजकता मौलाउनु अस्वाभाविक नभएको विश्लेषकहरु बताउँछन्।

सामुदायिक क्याम्पसमा एकल अध्यक्ष आफैंमा विरोधाभास कुरा हो। विरोधाभासयुक्त विधान जुनसुकैरुपमा आएको भए पनि त्यसलाई त्रिभुवन युनिभर्सिटी अनुदान कोषले अमान्य भनेको छ । सोही विधानका कारण अनुदान कोषले दिँदै आएको अनुदान रकमसमेत बन्द भयो । यता व्यवस्थान पक्षले भने क्याम्पस प्रशासनले समयमा डकुमेन्ट पठाउन नसकेका कारण अनुदान रोकिएको जिकिर गरिरहेका छन्। विधान संशोधनबारे जिल्ला प्रशासन कार्यालयमा भएको हरेक छलफलमा कुरा उठिरहेको छ । तर स्पष्ट निर्देशन अभाव देखिएको छ । अर्कातर्फ सामुदायिक क्याम्पसको विधानमा सामुदायिक हितविपरीत एकल अध्यक्षको व्यवस्था कसरी रहन गयो ? समुदायले नै संशोधन गरेका हुन् वा कुनै किर्ते कागज प्रमाणका आधारमा विधान संशोधन भएको हो भन्ने पाटोबाट बुझ्ने प्रयास भएको देखिँदैन। यसमा स्थानीय सरकार, जिल्ला प्रशासन र नागरिक समुदायले जिम्मेवार र जवाफदेहीपूर्ण चासो लिनुपर्ने देखिन्छ।

### अझै लयमा फर्कन सकिन्छ

हरिखेतान बहुमुखी क्याम्पसमा अझै पनि करिब ३ हजार ८ सय विद्यार्थी अध्ययनरत छन् । विगतको शैक्षिक सत्रभन्दा तीन सय जति जति विद्यार्थी घटेका छन्। शैक्षिक सत्र समाप्त नभएसम्म वा अध्ययनरत स्तर समाप्त नभएसम्म क्याम्पस त्याग्न अप्ठ्यारो छ। यही अवधिमा कलेजको वातावरणमा पुनः सुधार गरेर सच्चिएर अगाडि बढ्न सकिने अवसर छ। त्यसका लागि क्याम्पस सञ्चालन आदेश वा तजबिजमा होइन, प्रणालीमा चलाउनु पर्छ । सबैभन्दा पहिले सामुदायिक क्याम्पस अध्यक्ष बन्ने एकल अधिकार संशोधन गरेर समुदायले नै अध्यक्ष चयन गर्ने र समुदायका हरेक पक्षको व्यवस्थापनमा सहभागिता रहने व्यवस्था गर्नुपर्छ । अधिकारसम्पन्न क्याम्पस प्रमुख, आर्थिक पारदर्शिताका लागि आर्थिक प्रशासन नियामावली र अधिकारसम्पन्न स्थायी शिक्षक कर्मचारी छनौट समिति जरुरी छ। यसका साथै प्राध्यापक, शिक्षक, कर्मचारी वा विद्यार्थीमा पनि दण्ड र पुरस्कारको व्यवस्था कडाइका साथ लागु गरिए क्याम्पसले पुनर्जीवन पाउन सक्छ।

### परीक्षा र कक्षा नियमित हुने

वीरगंजस्थित हरिखेतान बहुमुखी क्याम्पसको स्थगित परीक्षा र नियमित कक्षा सुचारु हुने भएको छ । क्याम्पसको समस्या समाधानबारे सोमबार जिल्ला प्रशासन कार्यालय पर्सामा छलफल भएको छ । छलफलपछि क्याम्पस प्रशासन यो निर्णयमा पुगेको हो । वीरगंज महानगरका मेयर राजेशमान सिंह र प्रमुख जिल्ला अधिकारी भोला दाहालको रोहबरमा भएको छलफलमा तत्काल देखिएका समस्या समाधान गर्दै अगाडि बढने सहमति भएको छ । कलेजले कक्षा ११ र १२ को आन्तरिक परीक्षा तय भइसकेको अवस्थामा कलेजका शिक्षक, प्राध्यापक र कर्मचारीले क्याम्पस व्यवस्थापनसँग १५ बुँदे माग राख्दै आन्दोलनमा उत्रिएपछि परीक्षा स्थगित भएको थियो । बितेको आइतबारदेखि कलेजको सम्पूर्ण कामकाज ठप्प पार्दै उनीहरू आन्दोलनमा उत्रिएका कारण, सोही दिनबाट तोकिएको परिक्षा पनि स्थगित भएको थियो । क्याम्पस व्यवस्थापनले परीक्षा स्थगित गरेको भन्दै यो विरुद्ध विद्यार्थीहरू आन्दोलित भएर सडकमा उत्रिएका थिए। सोमबार जिल्ला प्रशासनमा भएको छलफलमा शिक्षक, प्रध्यापक तथा कर्मचारी नियमित ड्युटीमा खट्न तयार भएका छन् । आन्दोलन स्थगित गरेर सबै परीक्षामा केन्द्रित हुने प्रतिबद्धता आएको हुँदा अब चैत ११ गते बुधबारदेखि नै पूर्वसमय तालिकाअनुसार कक्षा ११ र १२ को परीक्षा सञ्चालन गरिने क्याम्पसका निमित्त प्रमुख रविन्द्र यादवले बताए। परीक्षा हुने बाहेक बाँकी कक्षाको पठनपाठन भने चैत १० गते मंगलबारदेखि नै सुचारु हुने भएको छ। कर्मचारी, शिक्षक, प्राध्यापक एवम् विद्यार्थीको थप समस्याबारे क्याम्पस व्यवस्थापन समितिका अध्यक्षसहितको बैठक चैत २० गते जिल्ला प्रशासनमा बस्ने तय भएको छ। छलफलमा आन्दोलनरत विद्यार्थीका प्रतिनीधि, शिक्षक कर्मचारीका पदाधिकारी एवम् क्याम्पस व्यवस्थापन समितिका प्रतिनिधिको सहभागिता थियो।











# ५२ दिन बित्दा पनि सुल्झिएन प्रेमनाथ यादव हत्या प्रकरण

**मधेशदृष्टि**
**जनकपुरधाम।**

सिरहामा गोली हानी हत्या भएको घटना करिब दुई महिना बित्दा पनि प्रहरीले दोषी पक्राउ गर्न नसक्दा पीडित परिवार न्यायको पर्खाइमा बस्न बाध्य भएको छ । सिरहा नगरपालिका–१ का ४५ वर्षीय प्रेमनाथ यादवको माघ १६ गते सिरहा नगरपालिका–७ स्थित मैनाबती खोला किनारमा ट्र्याक्टरले खेत जोतिरहेका बेला अज्ञात समूहले गोली प्रहार गरी हत्या गरेको थियो।



घटनाका प्रत्यक्षदर्शीका रूपमा रहेका रामबिलास यादव र रामप्रसाद महरालाई प्रहरीले नियन्त्रणमा लिएर सोधपुछ गरेको थियो । मृतकका भाइ अभयनाथ यादवका अनुसार उनीहरूलाई २३ दिनपछि रिहा गरियो, तर अहिलेसम्म प्रहरीले हत्यामा संलग्न व्यक्तिको पहिचान गर्नसकेको छैन।

यादव भन्छन्, 'प्रहरीले अनुसन्धान भइरहेको छ भन्ने मात्रै गर्छ, तर अहिलेसम्म कुनै ठोस नतिजा देखिएको छैन ।' उनले दोषीलाई चाँडो कारबाही गरी परिवारलाई न्याय दिलाउन माग गरेका छन्।

मृतक प्रेमनाथ यादवका दुई नाबालक छोरा छन्, १७ वर्षीय र १४ वर्षीय । परिवारको मुख्य आधार गुमेपछि उनीहरूको भविष्य अन्योलमा परेको छ। कक्षा १० मा अध्ययनरत जेठो छोरा रामजन्म यादव भन्छन्, 'हाम्रो सबै सहारा बुवा हुनुहुन्थ्यो, अब उन नै नभएपछि भविष्य के हुन्छ भन्ने चिन्ता लागेको छ।'

उता जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख एसपी बासुदेव पाठकले घटनाको अनुसन्धान जारी रहेको बताएका छन्। उनका अनुसार प्रारम्भिक चरणमा प्रत्यक्षदर्शी दुई जनालाई सोधपुछका लागि नियन्त्रणमा लिइएको थियो र बयानपछि रिहा गरिएको हो।

एसपी पाठकका अनुसार हालसम्म १४ जनालाई अनुसन्धानको दायरामा ल्याएर सोधपुछ गरिएको छ। आवश्यक कागजी प्रक्रिया पूरा गरी उनीहरूलाई छाडिएको भए पनि सबैलाई निगरानीमा राखिएको उनले बताए । साथै, केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) सँग समन्वय गरेर अनुसन्धान अगाडि बढाइएको पनि उनको भनाइ छ।

उनका अनुसार सुरुमा प्रत्यक्षदर्शीहरूले सहयोग नगरे पनि पछि उनीहरूबाट केही महत्वपूर्ण सूचना प्राप्त भएको छ । यद्यपि उनीहरू नै घटनामा संलग्न छन् वा छैनन् भन्ने कुरा अझै स्पष्ट हुन सकेको छैन।

५२ दिन बितिसक्दा पनि दोषी पक्राउ नपर्नुको कारणबारे सोध्दा एसपी पाठकले भने, 'अनुसन्धानका क्रममा कहिलेकाहीँ ढिलाइ हुन सक्छ, तर अन्ततः दोषी पक्राउ पर्नेमा विश्वस्त रहन आग्रह गर्दछु।'

तर समय बित्दै जाँदा पीडित परिवारको पीडा झन् गहिरिँदै गएको छ। उनीहरूका लागि न्याय अब ढिलाइ मात्र नभई जीवनसँग जोडिएको अत्यावश्यक अपेक्षा बनेको छ।

# महोत्तरीमा सेवा सुधारदेखि एसइइ व्यवस्थापनमा ८ बुँदे निर्देशन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जिल्ला प्रशासन कार्यालय महोत्तरीको नेतृत्वमा बसेको समन्वय बैठकले सेवा प्रवाह सुधार, विपद् व्यवस्थापन, पूँजीगत खर्च वृद्धि तथा आगामी एसईई परीक्षा मर्यादित बनाउन लक्षित गर्दै महत्वपूर्ण निर्णयहरू गरेको छ । बैठकले सरकारी निकायहरूलाई थप जिम्मेवार, उत्तरदायी र परिणाममुखी बनाउन ८ बुँदे निर्देशन जारी गरेको हो ।

बैठकले फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनलाई शान्तिपूर्ण, भयरहित र त्रुटीरहित रूपमा सम्पन्न गर्न भूमिका निर्वाह गर्ने सम्पूर्ण राष्ट्रसेवक कर्मचारीप्रति धन्यवाद ज्ञापन गरेको छ । निर्वाचन व्यवस्थापनमा कर्मचारीहरूको सक्रियता र समन्वयलाई प्रशंसनीय ठहर गरिएको छ ।

जिल्लाभित्रका सबै सरकारी कार्यालयबाट प्रदान हुने सेवाहरूलाई छिटो, छरितो, पारदर्शी र गुनासोरहित बनाउन विशेष जोड दिइएको छ । कार्यालयमा समयपालना, नियमित उपस्थिति तथा तोकिएको पोशाक अनिवार्य गरिएको छ ।

प्रत्येक कार्यालयमा सूचना अधिकारी तोकी सूचना सार्वजनिक गर्नुपर्ने, सेवाग्राहीका गुनासा तत्काल सम्बोधन गर्नुपर्ने र सेवा दिन नसकिने अवस्था आएमा लिखित जानकारी दिनुपर्ने व्यवस्था गरिएको छ ।

त्यस्तै, मासिक तथा त्रैमासिक प्रगति विवरण सार्वजनिक गर्ने, अभिलेख डिजिटल रूपमा भण्डारण गर्ने तथा सार्वजनिक सुनुवाइ नियमित सञ्चालन गर्न निर्देशन दिइएको छ । सम्भव भएसम्म 'टाइम कार्ड' प्रणाली लागू गर्ने विषयमा पनि जोड दिइएको छ ।

गत कार्तिकको बेमौसमी बाढीबाट क्षतिग्रस्त संरचनाको मर्मत तथा आगामी बाढीबाट हुने क्षति न्यूनीकरणका लागि पूर्वतयारी गर्न सम्बन्धित निकायलाई निर्देशन दिइएको छ । विशेषगरी रातु खोलामा तटबन्ध मर्मत तथा संरक्षणलाई प्राथमिकतामा राखिएको छ ।

यसैगरी, हावाहुरी र आगलागीको जोखिमलाई ध्यानमा राख्दै आपतकालीन औषधि, उपकरण तथा जनशक्ति तयारी अवस्थामा राख्न र आवश्यक पर्दा तुरुन्त परिचालन गर्न निर्देशन दिइएको छ । चालु आर्थिक वर्षको अन्त्य नजिकिँदै गर्दा स्वीकृत पूँजीगत बजेटको खर्च बढाउन सबै कार्यालयलाई कडाइ गरिएको छ ।

आयोजना कार्यान्वयनमा देखिएका स्थानीय विवाद समाधान गर्न कार्यालय प्रमुख स्वयं सक्रिय भई प्रमुख जिल्ला अधिकारीसँग समन्वय गर्नुपर्ने उल्लेख गरिएको छ । निर्माण सामग्री तथा प्राकृतिक स्रोतको आपूर्तिमा समस्या आएमा तत्काल समन्वय गर्ने, 'रुग्ण आयोजना'लाई प्राथमिकतामा राख्ने तथा स्थानीयस्तरमै समाधान गर्न सकिने समस्या ढिलाइ नगरी समाधान गर्न निर्देशन दिइएको छ ।

आगामी चैत १९ गतेदेखि सञ्चालन हुने एसईई परीक्षा, २०८२ लाई मर्यादित, व्यवस्थित र निष्पक्ष बनाउन सबै सरोकारवालालाई जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्न आग्रह गरिएको छ । परीक्षा केन्द्र व्यवस्थापनदेखि अनुगमनसम्म कडाइ गरिने जनाइएको छ ।

पेट्रोलियम पदार्थको आपूर्ति समस्या व्यवस्थापन गर्न प्रशासनले निगरानी बढाउने निर्णय गरेको छ । कालोबजारी, कृत्रिम अभाव तथा मिसावटयुक्त वस्तुको बिक्री वितरणमा संलग्नलाई कानूनी दायरामा ल्याइने चेतावनी दिइएको छ ।

लामखुट्टेबाट सर्ने रोग नियन्त्रणका लागि स्वास्थ्य कार्यालयको नेतृत्वमा सबै स्थानीय तहलाई सक्रिय बनाइने, सरसफाइ तथा सचेतना कार्यक्रमलाई तीव्रता दिइने उल्लेख गरिएको छ ।

राष्ट्रिय आर्थिक गणना २०८२ लाई सफल बनाउन महोत्तरीमा स्थापना भइसकेको जिल्ला आर्थिक गणना कार्यालयलाई आवश्यक सहयोग गर्न सबै सरकारी तथा गैरसरकारी निकायलाई आग्रह गरिएको छ । चैत १ गतेदेखि सुरु भई असार मसान्तसम्म सञ्चालन हुने उक्त गणनालाई प्रभावकारी बनाउन समन्वयमा जोड दिइएको छ ।

# नेपालको खाद्यान्न आयात परनिर्भरता बढ्दै



**मधेशदृष्टि**
**वीरगंज ।**
पछिल्लो समय नेपालको खाद्यान्न आयातमा परनिर्भरता झन् बढ्दै गएको पाइएको छ । चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो आठ महिनाको तथ्यांकअनुसार धान–चामल, मकै, स्याउ र तरकारी जस्ता दैनिक उपभोग्य वस्तुहरूको आयातमा अघिल्लो वर्षको तुलनामा उल्लेख्य वृद्धि भएको छ ।

भन्सार विभागको तुलनात्मक तथ्यांक अनुसार यस अवधिमा सबैभन्दा बढी आयात हुने खाद्य वस्तुमा चामल (धान, चामल र बासमती सहित) अग्रस्थानमा रहेको छ । गत आर्थिक वर्ष २०८१/८२ को पहिलो आठ महिनामा २४ अर्ब ३६ करोड रुपैयाँको चामल आयात भएकोमा यस वर्ष १४.६ प्रतिशतले वृद्धि भई २७ अर्ब ९१ करोड रुपैयाँ पुगेको छ । यो अघिल्लो वर्षको तुलनामा ३ अर्ब ५५ करोड रुपैयाँले बढी हो ।

# छठ पर्वको दोस्रो दिन खरना मनाइयो

**मधेशदृष्टि**
**वीरगंज ।**
सूर्य उपासनाको महापर्व चैती छठअन्तर्गत सोमबार दोस्रो दिन तराई–मधेशका जिल्लाहरूमा धार्मिक विधिपूर्वक 'खरना' पर्व मनाइएको छ । आइतबार 'नहा–खा' गरी सुरु भएको चार दिने यस अनुष्ठानको दोस्रो दिन व्रतालुहरू दिनभरि निराहार उपवास बसेर साँझपख कूल देवताको पूजा गर्दै चन्द्रोदयपछि खरना मनाउने तयारीमा छन् । खरनाका दिन साँझ घरमा खीर, पुरी, लड्डु र केरासहितका प्रसाद तयार गरी छठी माता र सूर्यदेवलाई अर्पण गरेर आगामी मुख्य पूजाका लागि आगमनको निम्तो दिने परम्परा रहेको छ ।

# ९ महिनामा ९ करोड बढि राजस्व संकलन

**मधेशदृष्टि**
**कलैया ।**
बाराको कलैयास्थित यातायात व्यवस्था कार्यालयले चालु आर्थिक वर्ष २०८२÷०८३ को पहिलो ९ महिनामा ५ करोड ४७ लाख १० हजार ९९५ रुपैयाँ राजस्व संकलन गर्दै उत्साहजनक प्रगति हासिल गरेको छ ।

सेवा प्रवाहमा गरिएको सुधार, सवारी सम्बन्धी गतिविधिमा आएको विस्तारले राजस्व संकलनमा सकारात्मक प्रभाव पारेको हो । संकलित रकममध्ये चालक अनुमति पत्र (लाइसेन्स), सवारी दर्ता तथा ब्लु बुकसम्बन्धी सेवाबाट मात्रै ३ करोड २५ लाख ५५ हजार ६८५ रुपैयाँ प्राप्त भएको छ, जुन कुल राजस्वको आधाभन्दा बढी हिस्सा हो ।

यसैगरी, सवारीसाधन करबाट १ करोड ८० लाख ५० हजार ६६० रुपैयाँ र अन्य यातायात शीर्षकबाट ४० लाख ९० हजार १५० रुपैयाँ राजस्व संकलन भएको कार्यालय प्रमुख चिन्तन आचार्यले जानकारी दिएका छन् ।

# 'डढेलो नियन्त्रण सरकारी प्रयासले मात्र सम्भव छैन'

**काठमाडौँ ।**
नेपालमा डढेलो नियन्त्रण केवल सरकारी प्रयासले मात्र सम्भव नहुने सरोकारवालाले बताएका छन् ।

डढेलो सचेतना सप्ताहका अवसरमा आज यहाँ आयोजित 'डढेलो नियन्त्रणमा प्रभावकारिता, तीनै तहका सरकार र समुदायको सहभागिता' विषयक अन्तक्रियाका सहभागीले बर्सेनि डढेलोका कारण ठूलो मात्रामा वन विनास, जैविक विविधताको ह्रास, वातावरणीय सन्तुलनमा असर तथा जनधनको क्षति हुने गरेकामा चिन्ता व्यक्त गरेका थिए ।



उनीहरूले डढेलो नियन्त्रण केवल सरकारी प्रयासले मात्र सम्भव नहुने भएकाले स्थानीय, वन उपभोक्ता समूह, सुरक्षाकर्मी तथा सरोकारवाला सबैको साझा जिम्मेवारी र सक्रिय सहभागिता अपरिहार्य रहेकोमा जोड दिए ।

वन तथा वातावरण मन्त्रालयका सचिव डा गोविन्दप्रसाद शर्माले डढेलो नियन्त्रणका लागि नीति, योजना र कार्यान्वयनबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताए । उनले डढेलो नियन्त्रणलाई प्राथमिकतामा राखेर स्रोतसाधनको व्यवस्थापन, जनचेतना अभिवृद्धि तथा प्रविधिको प्रयोगमा जोड दिनुपर्ने उल्लेख गरे ।

उनले भने, 'वन डढेलो प्राकृतिक रूपमा जोखिम कम देखिए पनि मानवीय लापरवाही वा आकस्मिक घटनाबाट हुनसक्ने क्षतिलाई न्यूनीकरण गर्न उत्तिकै चनाखो हुनुपर्छ ।'

वन तथा भूसंरक्षण विभागका महानिर्देशक धिरेन्द्रकुमार प्रधानले डढेलो नियन्त्रणमा समुदायको भूमिका महत्त्वपूर्ण रहेको बताए । ललितपुरका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईले वन क्षेत्रमा हुने डढेलो प्रायः मानवीय लापरवाहीका कारण हुने गरेको उल्लेख गर्दै नागरिक सचेतना अभिवृद्धि गर्न विशेष अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याए ।

सशस्त्र प्रहरी बलका प्रहरी वरिष्ठ उपरीक्षक राजेश उप्रेतीले डढेलो नियन्त्रणमा सशस्त्र प्रहरीले निर्वाह गरेको भूमिकाबारे जानकारी गराउँदै आवश्यक उपकरणको अभावले कार्यसम्पादनमा कठिनाइ उत्पन्न हुने गरेको बताए । उनले आधुनिक उपकरण, तालिम र स्रोतसाधनको व्यवस्थापनमा ध्यान दिन आवश्यक रहेको धारणा राखे ।

खाद्य तथा कृषि सङ्गठन (एफएओ)को सहजीकरण एवं वन तथा भूसंरक्षण विभागद्वारा आयोजित उक्त कार्यक्रममा सरोकारवाला निकायका प्रतिनिधि, विज्ञ, सुरक्षा निकाय तथा वन मन्त्रालयमातहतका सातै प्रदेश प्रमुख सहभागी थिए । रासस

# दुई दिनको वर्षाले किसानलाई राहत

**महोत्तरी ।**
हिउँद पानी नपरेका कारण निराश बनेका महोत्तरीका किसानले बल्ल राहत महसुस गरेका छन् । शुक्रबार र शनिबार परेको पानीले जग्गामा पर्याप्त चिस्यान बनाएपछि खेतीपातीका काम अघि बढ्ने आशले किसानलाई राहत मिलेको हो । पछिल्लो वर्षाले यसअघि पानी बेगर पहेँलिँदै गएका बालीनालीलाई अमृतकै काम गरेको किसान बताउँछन् । 'जग्गा रुखिएर खनजोत गर्न पाइएको थिएन, वैशाखी तरकारीका लहरा र बोट ओइल्याउँदै थिए', भङ्गाहा–४ का ६० वर्षीय किसान शुभनारायण ठाकुर भन्छन्, 'पछिल्लो वर्षाले निकै राहत दियो ।'

वर्षा हुनअघि ओइल्याउँदै गएका वैशाखी तरकारीका लहरा एक दिनमै फेरिएर लहलहाउन लागेका ठाकुरको भनाइ छ । दुई दिनको वर्षापछि आइतबार मौसम उघ्रनासाथ खेतीपातीका काममा लाग्न किसानलाई सजिलो भएको छ । पछिल्लो वर्षाले खेतबारीमा लागेको बालीलाई पर्याप्त चिस्यान भएको र अब बर्खे धान र अन्य बाली लगाउन जग्गा खनजोत गर्न सकिने किसान बताउँछन् ।

'पानी नपाएर उखुका बोट सुक्दै थिए, पानी परेर निकै राहत मिल्यो', बर्दिबास–७ मनहरिपुरका ३० वर्षीय युवा किसान निरबहादुर खत्री भन्छन्, 'अब बर्खे धान, मकै, कोदो र जुनेलोसहितका बाली लगाउन खेतबारी खनजोत गर्न थालिन्छ ।'

पछिल्लो वर्षाले आँप, लिची र रूखकटहरसहितका गर्मीयामका फललाई औधी राहत मिलेको किसानको भनाइ छ । 'पानी नपर्दा आँप र लिचीका मज्जर (फुल, मञ्जरी) र चिचिलामा मधुवा (यी फलमा लाग्ने एक प्रकारको डढुवा रोग) लागेर सखाप पार्दै थियो, पानी परेपछि फलका बोटका हाँगाबिँगामा लागेको जालो र मधुवा पखालिएपछि केही राहत मिलेको छ', बर्दिबास–५ चेरुका ७० वर्षीय फलफूल किसान होतराज घिमिरे भन्छन्, 'अब भने मधुवाको उपचारले काम गर्ला ।'

फलफूलका बोटका जरामा पर्याप्त चिस्यान भएपछि दाना पोटिलो हुनेसँगै रोगको आक्रमण पनि कम हुने किसानको विगत अनुभव छ । गत शुक्रबार साँझपख वर्षा हुनअघि चलेको हावाहुरीले बालीनालीमा सामान्य क्षति गरेको छ । खासगरी घोगा लाग्न सुत्ला चेपेका मकैका बोट लडाउनसँगै ठाउँठाउँमा वैशाखी तरकारीका लहरा हुरीले हुत्याएर चुँडाएको किसानले बताएका छन् । तर पानी पर्न थालेपछि हावाहुरी रोकिएको हुँदा धेरै क्षति नभएको किसानको भनाइ छ । शुक्रबार साँझ र शनिबार दिनभरि पानी पर्दा खेतबारीमा अब केही समयका लागि चिस्यान रहने किसानले आस सँगालेका छन् ।

यसपालि हिउँदमा पानी नपर्दा फागुन मध्यदेखि नै चर्कंदै गएको गर्मीको राप पछिल्लो वर्षाले निकै घटाएको छ । बालीनालीलाई अनुकूल हुनसँगै मौसम केही चिसिँदा कामकाजमा जुट्न पनि निकै सजिलो भएको यहाँका किसान बताउँछन् । अबका आउने केही महिना खेतीपातीका लागि व्यस्त समय रहने हुँदा बेलाबेलामा अनुकूल वर्षा भइरहोस् भन्ने किसानको मनमा छ । वर्षा मात्र पनि अनुकूल भइदिँदा उत्पादनमा निकै राम्रो प्रभाव रहने बर्दिबास–६ कृष्णपुरका पाका किसान ६५ वर्षीय रघु काफ्लेको भनाइ छ ।

जिल्लामा जम्मा ७१ हजार हेक्टर कृषियोग्य जग्गा भए पनि १० प्रतिशतमा मात्र कुलोनहरको पानी लाग्ने सिञ्चित जग्गा छ । अधिकांश जग्गा इनार, स्यालोट्युबवेल र बोरिङमा मोटर जडान गरेर किसानले बाली सिँचाइ गर्दै आएका छन् । लामो समयसम्म पानी नपर्दा यस्ता वैकल्पिक सिँचाइका स्रोतका मुहान चाँडै सुक्दा किसान समस्यामा पर्दै आएका छन् । यसरी वैकल्पिक सिँचाइका साधनसमेत जोडिँदा जिल्लामा करिब २० प्रतिशत जग्गा सिञ्चित रहेको कृषि ज्ञान केन्द्र महोत्तरी कार्यालयले जनाएको छ । यसबाहेकका ८० प्रतिशत जग्गा आकासे पानीकै भरमा गर्नुपर्दा किसान बालीनाली लगाउन र बचाउन वर्षा पर्खनुपर्ने अवस्थामा छन् । रासस

# कारागारबाट फरार कैदी सिरहाबाट पक्राउ

**मधेशदृष्टि**
**सिरहा ।**
केन्द्रीय कारागारबाट फरार भएका एक कैदीलाई जिल्ला प्रहरी कार्यालय सिरहाले पक्राउ गरेको छ । कर्जन्हा नगरपालिका वडा न–७ का ३७ वर्ष अन्जनी कुशवाहालाई उनकै घरबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख एसपी बासुदेव पाठकका अनुसार जेनजी आन्दोलनका क्रममा केन्द्रीय कारागार जगन्नाथदेवलबाट कुशवाह फरार भएका थिए । कर्तव्य ज्यान मुद्दामा कैद भुक्तान गरिरहेका कुशवाहा कारागारबाट भागेर आफ्नै घरमा लुकिछिपी बसेको सूचनाको आधारमा पक्राउ गरिएको प्रहरीले जनाएको छ । पक्राउ परेका कुशवाहालाई सम्बन्धित कारागारमा बुझाउने प्रक्रिया अगाडि बढाइएको एसपी पाठकले बताए ।

# कुटपिटमा संलग्न ६ जना विरुद्ध ज्यानमार्ने अभियोग मुद्दा

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहामा मोटरसाइकल मर्मतको बिल भुक्तानी विषयमा विवादपछि भएको कुटपिटमा संलग्न ६ जना विरुद्ध ज्यान मार्ने अभियोगमा मुद्दा दायर भएको छ । सिरहा नगरपालिका–१२ का २५ वर्षीय आरिफ मियाँ, ५० वर्षीय करिया मियाँ, २० वर्षीय अरमान मियाँ, ३४ वर्षीय हासिम मियाँ, ३० वर्षीय बक्कर मियाँ र २४ वर्षीय नइम दफाली विरुद्ध ज्यान मार्ने अभियोगमा मुद्दा दायर भएको सिरहाका प्रहरी प्रवक्ता एवं डीएसपी रमेशबहादुर पालले जानकारी दिए । पालका अनुसार आरिफ प्रहरीको नियन्त्रणमा रहेको र अन्य फरार व्यक्तिहरूको खोजीकार्य जारी छ । मुद्दा दायर भएका व्यक्तिहरू सबै एकै वडाका हुन् । सिरहा नगरपालिका–१२ सारश्वरमा ६ चैतमा स्थानीय सलमान मियाँ र हासिम दफाली पक्षबीच मोटरसाइकल मर्मतको बिल भुक्तानी विपयमा विवाद भएको थियो ।

विवाद कुटाकुटसम्मको अवस्थामा पुगेको थियो । कुटपिटमा सलमान पक्षका ४ जना र हासिम पक्षका २ जना घाइते भएका थिए । घाइतेमध्ये एक जनाको उपचार चलिरहेको छ भने अन्य व्यक्तिहरू प्रादेशिक अस्पताल सिरहाबाट उपचार गराएर घर फर्किसकेका छन् ।

# बसले ठक्कर दिदाँ मोटरसाइकल चालकको मृत्यु

**मधेशदृष्टि**
**कलैया ।**
बारामा यात्रुबाहक बसले मोटरसाइकललाई ठक्कर दिदाँ एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा मोटरसाइकल चालक गोरखाका घर भएका अन्दाजी ३५ वर्षीय रामकुमार कोइराला रहेका छन् ।

बाराको जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर २२ स्थित सडकमा आइतबार राति बा.प्र.०१–००६ ख ९९७७ नम्बरको बसले प्र.३– ०२–०१३ प ३०२१ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो । बसको ठक्करबाट गम्भीर घाइते भएका उक्त मोटरसाइकलका चालक कोइरालाको प्रादेशिक अस्पताल कलैयामा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

# हतुवागढीको सेवा अब आधुनिक प्रशासनिक भवनबाट

**भोजपुर ।**
यहाँको दक्षिणी भेगमा अवस्थित हतुवागढी गाउँपालिकाको नवनिर्मित प्रशासनिक भवन उद्घाटन गरिएको छ । आज एक औपचारिक कार्यक्रमका ३४ कोठे आधुनिक भवन उद्घाटन गरिएको हो ।

लिफ्टसहितको चारतले उक्त भवन भ्याटसहित सात करोड ८७ लाख ६४ हजार ७ सय ६२ रुपैयाँको लागतमा निर्माण सम्पन्न भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश निरौलाले जानकारी दिए । उनका अनुसार निर्माण कम्पनीसँग भएको सम्झौताबमोजिम विसं २०८० साल मङ्सिरबाट सुरु गरिएको भवन दुई वर्षको अवधिमै सम्पन्न गरिएको हो ।

लिफ्टसहितको पूर्वाधार निर्माण गरिएकाले ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सेवाग्राहीलाई सहज पहुँच हुने अपेक्षा गरिएको छ । गाउँपालिका अध्यक्ष प्रेमकुमार राईले स्थानीय नागरिकलाई छिटो, सहज र प्रभावकारी सेवा उपलब्ध गराउने लक्ष्यसहित भवन निर्माण गरिएको बताए । 'यसअघि आफ्नै भवन नहुँदा पुरानो स्वास्थ्यचौकीको भवन तथा भाडाका संरचनाबाट सेवा सञ्चालन गर्नुपर्ने बाध्यता थियो,' उनले भने, 'अब आफ्नै व्यवस्थित भवनबाट सेवा प्रवाह गर्दा सेवाग्राहीलाई धेरै सहज हुनेछ । आजबाट एउटै भवनबाट नागरिकले सेवा लिने अवस्था बनेको छ ।' भवन केन्द्रीय सरकारको ६० प्रतिशत र गाउँपालिकाको ४० प्रतिशत लागत साझेदारीमा निर्माण गरिएको गाउँपालिका उपाध्यक्ष सुनिता किरातीले बताइन् । रासस

# पर्साका चारै सांसदलाई वीउवासंघको सम्मान
## आर्थिक विकासमा सहकार्यको प्रतिबद्धता




**हरिशंकर शर्मा**
**वीरगंज ।**
वीरगंज उद्योग वाणिज्य संघले पर्सा जिल्लाको नव निर्वाचित ४ वटै क्षेत्रका सांसदहरुलाई सम्मान गरेको छ । उद्योग वाणिज्य संघको सभाकक्षमा आयोजित एक कार्यक्रमबीच चारैजना नव निर्वाचित सांसदहरुलाई सम्मान गरिएको हो ।

उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले नव निर्वाचित पर्सा क्षेत्र नं. १ का सांसद हरि पन्त, क्षेत्र नं. २ का सांसद सुशिल साह कानु, क्षेत्र नं. ३ का सांसद रामाकान्त चौरसिया तथा पर्सा क्षेत्र नं. ४ का सांसद टेकबहादुर शाक्यलाई सम्मान गरेका हुन् ।

कार्यक्रममा सम्मान ग्रहण गर्दै नव निर्वाचित सांसदहरुले उद्योग वाणिज्य संघ तथा वीरगंजका उद्योगी व्यापारीहरुलाई धन्यवाद ज्ञापन गर्दै निजी क्षेत्रसँगको सहकार्यलाई अझ सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् । कार्यक्रममा पर्सा क्षेत्र नं. २ का सांसद सुशिल साह कानुले वीरगंज उद्योग वाणिज्य संघप्रति आभार व्यक्त गर्दै आफूहरूलाई सम्मान गरिएकोप्रति कृतज्ञता प्रकट गरे ।

कार्यक्रममा बोल्दै उनले उद्योगी, व्यवसायी तथा आम जनसमुदायबाट प्राप्त समर्थन, सहयोग र विश्वासकै कारण आफू प्रतिनिधिसभासम्म आइपुगेको उल्लेख गरे । 'आज प्राप्त सम्मानले मेरो जिम्मेवारी झनै बढाएको अनुभूति भएको छ,' उनले भने, 'अब पर्साको आर्थिक समृद्धि, औद्योगिक विकास र जनअपेक्षा पूरा गर्न अझ जिम्मेवार ढंगले काम गर्नेछु ।'

उनले पर्सा जिल्लाको आर्थिक संरचनामा निजी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै उद्योग व्यवसायमै आधारित विकास मोडललाई प्राथमिकतामा राख्नुपर्ने धारणा व्यक्त गरे । वीरगंजलाई औद्योगिक हबको रूपमा स्थापित गर्ने सम्भावना औंल्याउँदै उनले पूर्वाधार विकास, लगानीमैत्री वातावरण र नीतिगत स्थायित्वमा ध्यान दिनुपर्ने आवश्यकता पनि औंल्याए ।

कार्यक्रमका क्रममा उद्योगी तथा व्यवसायीहरूले भोगिरहेका समस्या, नीतिगत अस्पष्टता, कर प्रणाली, पूर्वाधार अभाव लगायतका विषयहरू पनि उठाइएको थियो । ती सुझावहरूलाई गम्भीरतापूर्वक लिँदै सम्बन्धित निकायसँग समन्वय गरेर कार्यान्वयनमा लैजाने प्रतिबद्धता जनाइएको छ । 'यहाँहरूले उठाउनु भएका मुद्दा र सुझावहरू केवल सुन्ने मात्र होइन, कार्यान्वयन गर्ने दिशामा हामी निरन्तर लागिरहनेछौँ,' उनले स्पष्ट पारे ।

यस्तो प्रकारको संवाद र सम्मान कार्यक्रमले सार्वजनिक तथा निजी क्षेत्रबीचको सम्बन्धलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ । विशेषगरी पर्सा जस्तो औद्योगिक सम्भावना बोकेको जिल्लामा नीति निर्माता र उद्यमीबीचको सहकार्यले दीर्घकालीन आर्थिक विकासमा महत्वपूर्ण योगदान पु¥याउन सक्छ ।

कार्यक्रमले प्रतिनिधि र निजी क्षेत्रबीच विश्वासको वातावरण निर्माण गर्दै विकासका साझा एजेण्डा तय गर्ने दिशामा सकारात्मक सन्देश दिएको सहभागीहरूको भनाइ छ । साथै, आगामी दिनहरूमा निरन्तर सहकार्य, सुझाव र मार्गदर्शनको अपेक्षा समेत व्यक्त गरिएको छ ।



**सखर बनाइँदैः** सिरहाको गोलबजार नगरपालिका–१० स्थित चोहर्वामा उखु पेलेर सखर बनाइँदै। तस्बिरः लोकेन्द्रप्रसाद यादव

# डा. महावीर पुनको आत्मकथा वीरगंजमा बिक्री
## कृषि औजार कारखानाका लागि जुट्दै सहयोग

**मधेशदृष्टि**
**वीरगंज।**
म्याग्दीबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित डा. महावीर पुन ले वीरगञ्जमा आफ्नो आत्मकथा पुस्तक बिक्री अभियान सञ्चालन गरेका छन् । निर्वाचनपछि पहिलोपटक वीरगञ्ज पुगेका उनले सोमबार घण्टाघर चोकमा पुस्तक बिक्री गर्दै स्थानीयसँग प्रत्यक्ष संवाद गरेका हुन्।

पुस्तक बिक्री कार्यक्रममा स्थानीय बासिन्दाको उल्लेखनीय उपस्थिति देखिएको थियो। यसक्रममा उनले रामजनम तिवारीको सालिक परिसर वरपर पनि पुस्तक बिक्री गरेका थिए भने त्यसपछि कृषि औजार कारखानामा पुगेर अभियानलाई निरन्तरता दिने योजना रहेको जानकारी दिएका छन्।




पुनले 'महावीर पुन आयो, किताब लिएर आयो' भन्ने नारासहित सर्वसाधारणलाई पुस्तक खरिदमार्फत अभियानमा साथ दिन आग्रह गरे। उनका अनुसार पुस्तक बिक्रीबाट संकलन हुने रकम कृषि औजार कारखाना सञ्चालनका लागि प्रयोग भइरहेको छ । यस पहलबाट हालसम्म करिब ५० जनाले रोजगारी पाएको उनले बताएका छन्, जसले स्थानीय स्तरमा रोजगारी सृजनामा सकारात्मक योगदान पु¥याएको छ।

कार्यक्रममा वीरगंजका युवाहरुको पनि उत्साहजनक सहभागिता देखिएको थियो । बिपिएस कलेजका सञ्चालक दिपक पटेल तथा सन्दिप कुश्वाहा लगायतले पुस्तक खरिद गरी सहयोग जनाएका थिए । डा. पुनको यस अभियानले उद्यमशीलता प्रवर्द्धनसँगै स्थानीय उत्पादन र रोजगारी अभिवृद्धिका लागि प्रेरणादायी सन्देश दिएको सहभागीहरुको भनाइ छ।

# पोखरिया नगरपालिकामा ठगी र आर्थिक अनियमितता बढ्दो




मधेशदृष्टि
वीरगंज ।
पर्साको पोखरिया नगरपालिकामा पछिल्ला दिनहरूमा संगठित रूपमा ठगीका गतिविधि बढ्दै गएको भन्दै चिन्ता व्यक्त गरिएको छ । विशेषगरी बेरोजगार युवाहरूलाई लक्षित गर्दै रोजगारीको प्रलोभन देखाएर रकम असुल्ने र काम लगाएर पनि पारिश्रमिक नदिने घटनाहरू वृद्धि भएको गुनासो आएको छ । यस विषयमा राष्ट्रिय मुक्ति पार्टीका सह–महासचिव नेजामुद्दिन समानीले सोमबार विज्ञप्ति जारी गर्दै नगरपालिकाभित्र विभिन्न शीर्षकमा आर्थिक अनियमितता र ठगी भइरहेको आरोप लगाएका छन् ।

उनका अनुसार कर वृद्धि गर्ने बहानामा अनावश्यक शुल्क उठाइएको छ भने ३०० रुपैयाँ रहेको सम्पत्ति करलाई बढाएर १५०० रुपैयाँसम्म पु¥याइएको र विरोधपछि सामान्य रूपमा मात्र घटाइएको जानकारी प्राप्त भएको छ । त्यसैगरी नगर विस्तार र विकास योजनाका नाममा सर्वसाधारणबाट रकम उठाउने तथा श्रम सिर्जना गर्ने गतिविधि पनि भइरहेको आरोप लगाइएको छ । डिटेल प्रोजेक्ट रिपोर्ट (डि.आर.पी.) तयार पार्ने प्रक्रियामा समेत आर्थिक अपारदर्शिता र अनियमितता भएको दाबी गरिएको छ ।

सम्बन्धित निकायलाई पटक–पटक ध्यानाकर्षण गराएपनि कुनै ठोस कदम नचालिएको भन्दै उनले असन्तुष्टि व्यक्त गरेका छन् । जनताको सेवामा समर्पित हुनुपर्ने निकायबाटै आर्थिक शोषण भइरहेको भन्दै स्थानीयस्तरमा असन्तोष बढ्दै गएको उनको भनाइ छ । विज्ञप्तिमार्फत तत्काल निष्पक्ष छानबिन गर्न, दोषीलाई कडा कानुनी कारबाही गर्न, पीडितलाई उचित क्षतिपूर्ति दिन तथा कर प्रणालीलाई पारदर्शी र जनमैत्री बनाउन माग गरिएको छ । साथै, यस्ता गतिविधि दोहोरिन नदिन प्रभावकारी अनुगमन र नियन्त्रण व्यवस्था लागू गर्नुपर्नेमा जोड दिइएको छ ।

अन्त्यमा उनले नागरिकलाई आफ्ना अधिकारका लागि सचेत र एकजुट हुन, अन्याय र भ्रष्टाचारविरुद्ध आवाज उठाउन तथा सत्य र न्यायको पक्षमा उभिन आग्रह गरेका छन् ।

# बेमौसमी वर्षाबाट इँटा उद्योग प्रभावित

**महोत्तरी।**
बेमौसमी वर्षाका कारण महोत्तरीको इँटा उद्योगहरुमा रु ६ करोड भन्दा बढीको क्षति भएको छ। इँटा उद्योग व्यवसायी संघ महोत्तरीका अध्यक्ष सञ्जय चौधरीका अनुसार गत शुक्रबार, शनिबार र आइतबार परेको बेमौसमी वर्षाबाट जिल्लाभित्र रहेका तीन दर्जन इँटा उद्योगमा पकाउनका लागि तयारी अवस्थामा रहेको सो मूल्य बराबराको इँटा पूर्णरुपमा क्षति भएको छ।



इँटा उत्पादनका लागि सबैभन्दा अनुकुल मानिएको माघ, फागुन र चैत महिनामा प्रायः वर्षा नहुने हुँदा जिल्लाभित्रका सबै इँटा उद्योगहरुले १५ देखि २०÷२२ लाखको हाराहारीमा लागत लगाएर परिमाणमा इँटा बनाएर पकाउनका लागि सुकाइरहेको अवस्थामा अचानक आएको वर्षाले करोडौँको क्षति पु¥याएको उनले बताए । औरही नगरपालिका– २ स्थित न्यु बाबा इँटा उद्योगका सञ्चालक हरिनारायण यादवले वर्षभरि नै बिक्री गर्ने परिमाणको इँटा तयार गरेर पकाउनका लागि ठिक्क पारिएको अवस्थामा अचानकको वर्षाले सबै इँटा पगालिएपछि आर्थिक संकट परेको गुनासो गरे।

इँटा उद्योग सञ्चालकहरुले कडा मेहनत र करोडौँ लगानी गरेर काँचो इँटा तयारी गराएर पकाउनका लागि सुकाइरहेका इँटा आकस्मिक रुपमा आएको भीषण वर्षाले बगाएपछि इँटा उद्योगीको मेहनत र लगानी सबै बगाइदिएको औरही– ७ मा रहेको न्यु मिथिला इँटा उद्योगका सञ्चालक रामबाबु चौधरीले बताए।

बेमौसमी वर्षातले जिल्लाका तीन दर्जन इँटा उद्योगमा न्यूनतम रु आठ लाखदेखि अधिकतम २२ लाखसम्मको क्षति पुगेको जनाइएको छ । अध्यक्ष चौधरीले भने, हामी क्षतिको लगत संकलन गरेर सम्बन्धित निकायमा क्षतिपूर्ति तथा अनुदानको व्यवस्था मिलाइदिन गर्दछौँ। रासस

# निर्वाचन पराजयपछि एमालेको समीक्षाः
## जनविश्वास फर्काउन रणनीति सुधार्ने निष्कर्ष

**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एमालेका नेता तथा पर्सा क्षेत्र नम्बर–३ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार रुपेश पाण्डे सहितका नेताहरूले पार्टीको निर्वाचन परिणामबारे महासचिव शंकर पोखरेलसँग समिक्षात्मक छलफल गरेका छन् ।



सोमबार ललितपुरको च्यासलस्थित नेकपा एमालेको केन्द्रिय कार्यालयमा आयोजित उक्त बैठकमा फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा पर्सा क्षेत्र नम्बर–३ सहित विभिन्न क्षेत्रमा पार्टीले व्यहोरेको हारका कारणबारे गम्भीर समीक्षा गरिएको थियो ।

छलफलका क्रममा नेताहरूले पराजयका कारण आन्तरिक कमजोरी मात्र नभई बाह्य राजनीतिक परिस्थितिहरू पनि जिम्मेवार रहेको निष्कर्ष निकालेका छन् । साथै, संगठनलाई थप मजबुत बनाउने, जनतासँगको सम्बन्ध सुधार्ने तथा आगामी निर्वाचन रणनीतिमा आवश्यक परिमार्जन गर्नुपर्नेमा जोड दिइएको थियो ।

बैठकमा एमालेका केन्द्रीय सदस्य प्रभु हजरा, निर्मला देवकोटा तथा बाँके क्षेत्र नम्बर–२ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य एवं पूर्व मन्त्री मोहम्मद इस्तियाक राईको समेत उपस्थिति रहेको थियो । छलफलपछि पार्टीलाई आगामी दिनमा अझ सशक्त बनाउँदै जनविश्वास पुनः स्थापित गर्ने लक्ष्यका साथ ठोस कार्ययोजना तयार गरी अघि बढ्ने सहमति भएको जनाइएको छ ।

# विद्यालय भवनको शिलान्यास



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको कालिकामाई गाउँपालिका–५ विरञ्चीबर्वास्थित दिव्य कन्या माध्यमिक विद्यालयको नयाँ भवन निर्माणका लागि शिलान्यास गरिएको छ। गाउँपालिका अध्यक्ष बशिष्ट कुमार गुप्ताले विधिवत पूजा–पाठ गर्दै भवनको शिलान्यास गरेका हुन्।

करिब ५५ लाख रुपैयाँको लागतमा ४ कोठे विद्यालय भवन निर्माण हुन लागेको जनाइएको छ। गाउँपालिकाको सहयोगमा निर्माण हुन लागेको उक्त भवन उपभोक्ता समितिमार्फत निर्माण भइरहेको छ । शिलान्यास कार्यक्रम वडा अध्यक्ष जयनारायण पटेलको अध्यक्षतामा सम्पन्न भएको थियो।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक जतन राउत, उमेश तिवारी, उमेश चौहान, बृजेश तिवारी, महन्त राउत, सुमेश तिवारी, बृजकिशोर चौहान लगायत वडा सदस्य तथा महिला सदस्यहरूको सहभागिता रहेको थियो।

# सम्मान स्वरुप विद्यार्थीहरुलाई पोसाक वितरण




**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको धोबिनी गाँउपालिका वडा नम्बर–४ लंगडी स्थित श्री काली प्रसाद लाखे माध्यमिक विद्यालयमा अध्ययनरत कक्षा ११ का ३९ जना छात्रछात्राहरुलाई स्कुले पोषाक वितरण गरिएको छ । विद्यालय परिसरमा आयोजित एक कार्यक्रमबीच प्रमुख अतिथि वडा अध्यक्ष आवास मियाँले विद्यालय पोसाक स्वरुप कोट, पाईन्ट, सर्ट, जुता, टाई वितरण गरेका थिए।

छात्रछात्राहरुलाई सम्मान स्वरुप पोसाक वितरण गर्दै वडाअध्यक्ष मियाँले अबको आगामी अध्ययन अन्य ठाउँमा हुने भएकोले पुनः यस विद्यालयमा फर्केर नआउने भएकोले सम्मान स्वरुप पोसाक वितरण गरिएको बताए। यस विद्यालयबाट शिक्षा हासिल गरेर उच्च अध्ययनका लागि विभिन्न विद्यार्थीहरु अन्य ठाउँ, अन्य देश जान सक्ने भएकोले उज्जवल भविष्यको कामना गरेका थिए । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक हरिओम पटेल, शिक्षक कृष्ण मुरारी साह, सुरेन्द्र चौधरी, अभिनन्दन गुप्ता, अजय पटेल, नेयाज आलम लगायतको उपस्थिति रहेको थियो।

## सम्पादकीय

# कर्मचारी प्रशासनमा छाएको सन्नाटा

नेपालको कर्मचारी प्रशासनमा यतिबेला एक प्रकारको सन्नाटा छाएको छ। नयाँ सरकार गठनको प्रक्रिया लम्बिँदा र राजनीतिक अन्योल कायम रहँदा कर्मचारीतन्त्रमा मौनता छाएको हो। यो अवस्थाले सरकारी कामकाजमा सुस्तता ल्याएको मात्र छैन, दीर्घकालीन नीति निर्माण र कार्यान्वयनमा समेत अवरोध पुऱ्याएको छ। संक्रमणकालीन अवस्थामा कर्मचारीहरूले स्पष्ट निर्देशनको अभाव महसुस गरिरहेका छन्, जसले गर्दा उनीहरूको कार्यसम्पादनमा प्रत्यक्ष असर परेको देखिन्छ।

प्रदेश सरकारहरूमा यो सन्नाटा अझ प्रस्ट देखिन्छ। नयाँ सरकार नबनेसम्म प्रदेशका मन्त्रीहरू बेकामे भएका छन्। उनीहरूको भूमिका सीमित भएको र अधिकार प्रयोगमा पनि अन्योलता देखिएको छ। यसले गर्दा प्रदेश तहमा विकास निर्माणका कार्यहरू प्रभावित भएका छन् भने जनसरोकारका विषयहरूमा पनि अपेक्षित काम हुन सकेको छैन। मन्त्रीहरूले प्रभावकारी रूपमा काम गर्न नसक्दा प्रदेश सरकारको औचित्यमाथि नै प्रश्न उठ्न थालेको छ।

नयाँ सरकार कस्तो आउने हो भन्ने अनिश्चितताले कर्मचारीहरूमा एक प्रकारको पर्ख र हेरको अवस्था सिर्जना गरेको छ। प्रदेश सरकारका कर्मचारीहरूले मन्त्रीहरूलाई गर्ने व्यवहारमा पनि यो कुरा प्रस्ट देख्न सकिन्छ। मन्त्रीहरूको राजनीतिक भविष्य र नयाँ सरकारको प्राथमिकता के हुने हो भन्ने स्पष्ट नहुँदा कर्मचारीहरूले उनीहरूसँगको सम्बन्धमा सावधानी अपनाएको देखिन्छ। यो अवस्थाले मन्त्री र कर्मचारीबीचको समन्वयमा कमी ल्याएको छ, जसले गर्दा प्रशासनिक कार्यहरूमा ढिलासुस्ती बढेको छ।

यस्तो संक्रमणकालीन अवस्थामा कर्मचारी प्रशासनलाई चलायमान राख्न र सरकारी सेवा प्रवाहलाई निरन्तरता दिन चुनौती देखिएको छ। नयाँ सरकार गठन नहुँदासम्मका लागि स्पष्ट कार्यदिशा र निर्देशनको अभावमा कर्मचारीहरूले आफ्नो जिम्मेवारी निर्वाह गर्न कठिनाइ भोगिरहेका छन्। यसले गर्दा जनताले पाउनुपर्ने सेवामा ढिलाइ भइरहेको छ भने सुशासनको प्रत्याभूतिमा पनि कमी आएको छ।

अतः, यो सन्नाटालाई चिर्न र कर्मचारी प्रशासनलाई पुनः सक्रिय बनाउन यथाशीघ्र नयाँ सरकार गठन हुनु अपरिहार्य छ। नयाँ सरकारले कर्मचारीतन्त्रलाई स्पष्ट कार्यदिशा प्रदान गरी उनीहरूको मनोबल उच्च राख्न आवश्यक छ। साथै, प्रदेश सरकारहरूलाई पनि प्रभावकारी बनाउनका लागि आवश्यक नीतिगत र संरचनागत सुधारहरू गरिनुपर्छ, ताकि संक्रमणकालीन अवस्थाको असरलाई न्यूनीकरण गर्दै सुशासन र विकासको गतिलाई निरन्तरता दिन सकियोस्।

# विपद्बाट बचाउन सहयोगी बन्दै पूर्वसूचना प्रणाली

–प्रगति ढकाल/रासस

गत शुक्रबार, आकाश अचानक बदली देखियो। घरका छाना नै उठाउने गरी हावा हुरी बेस्सरी चल्यो। चैत महिनाको मौसम पनि चिसो थियो। मुलुकको अधिकांश स्थानमा चट्याङसहितको असिना पानी पर्यो। त्यसको दुई दिनअघि मात्रै जल तथा मौसम विज्ञान विभागले ठूलो हावाहुरीसहित वर्षा हुने पूर्वानुमान सार्वजनिक गरिसकेको थियो।

यो पूर्वसूचना औपचारिक जानकारी मात्र बनेन, व्यावहारिक रूपमा प्रभावकारी सावधानीको माध्यम बन्यो। विभागको सूचनापछि विद्यालयले तुरुन्तै चासो देखाए। कक्षाकोठामा रहेका बालबालिकाहरूलाई समय अगावै घर पठाइयो। अभिभावकहरू सजग बने। कसैले छाता बोके, कसैले आफ्ना छोराछोरी लिन आफैँ विद्यालय पुगे। कार्यालय हिँडेका मानिसहरू साथमा रेनकोट बोकेर निस्किए। सम्भावित जोखिमलाई ध्यानमा राख्दै सर्वसाधारणले देखाएको तत्परताले ठूलो दुर्घटना टार्न मद्दत गर्यो।

पूर्वसूचनाकै आधारमा अनावश्यक रूपमा बाहिर ननिस्किने, यात्रा स्थगित गर्ने र सुरक्षित स्थानमा बस्ने निर्णयहरू भए। यसले ठूलो जोखिम न्यूनीकरण गर्यो। हावाहुरी सुरु भएसँगै विभिन्न स्थानमा बिजुलीका पोल ढल्ने, रुखहरू भाँचिनेजस्ता घटनाहरू भने भए। कतिपय ठाउँमा विद्युत् सेवा अवरुद्ध पनि भयो। तर, यस्ता घटनाका बाबजुद मानवीय तथा ठूलो भौतिक क्षति हुन पाएन। यस घटनाले एउटा महत्त्वपूर्ण सन्देश दिएको छ। समयमै प्राप्त हुने विश्वसनीय पूर्वसूचना र त्यसप्रति नागरिक तथा संस्थागत तहको जिम्मेवार प्रतिक्रिया भएमा ठूलो विपद्को असरलाई उल्लेखनीय रूपमा कम गर्न सकिन्छ।

जल तथा मौसम विज्ञान विभागले गत असोज १७ देखि २० गतेसम्म मुलुकका विभिन्न स्थानमा भारीदेखि अति भारी वर्षा हुने, बाढी–पहिरोको जोखिम रहेको भन्दै जो जहाँ छ, उही सुरक्षित रहन सन्देश जारी गर्यो। त्यसपछि अन्य अन्तरसरकारी निकायहरूले विभागको सूचनालाई अनुसरण गर्दै विपद् व्यवस्थापनको पूर्वतयारीका लागि जुट्न थाले। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले उक्त अवधिमा कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका विभिन्न स्थानमा भारी वर्षा हुने सम्भावना रहेकाले लामो दूरीका तथा काठमाडौँ उपत्यकाभित्र सञ्चालन हुने सवारीसाधन आवागमन केही दिनसम्म रोक्ने निर्णय गर्यो। उक्त निर्णयले यसपटक बाढीपहिरोका कारण सडक यात्रीहरूको ज्यान जान पाएन।

विसं २०८१ असोजमा झ्याप्ले खोलामा आएको पहिरोका कारण यात्रुबाहक बस नै पुरिँदा ३५ भन्दा बढीको ज्यान गएको थियो। रातिको समयमा पहिरो खस्दा बुटवलबाट काठमाडौँका लागि छुटेको लु१ज ४५७८ नम्बरको माइक्रोबस, गोरखाबाट काठमाडौँका लागि हिँडेको ना४ख २२७० नम्बरको बस, चितवनबाट काठमाडौँका लागि हिँडेको बा३ज १३४५ नम्बरको माइक्रोबस पहिरोले पुरिएको अवस्थामा भेटिएको थियो।

त्यस वर्ष मौसम विभागले अति भारी वर्षा हुने र सकेसम्म यात्रा नगर्न आग्रह गर्दै पूर्वसूचना जारी गरेर सचेत गराएको थियो। तर विभागको सूचनालाई अन्य सरकारी संयन्त्रले नै विश्वास गरेन। सूचनाको बेवास्ता गर्यो। न यात्रुहरूले पत्याए, न सवारीधनीहरूले सूचनाको विश्वास गरेर केही दिन सवारी साधन बन्द गर्न सके।

गत असार २४ गते रसुवास्थित नेपाल–चीन सीमामा रहेको ल्हेन्दे खोलामा बाढी आयो। बाढीका कारण चीन–नेपालका गरी अहिलेसम्म १९ जना बेपत्ता र सात जनाको मृत्यु भयो। विभागका बाढीविद् विनोद पराजुलीका अनुसार सुप्राग्लेशियर ताल फुट्दा आएको उक्त बाढीको पूर्वसूचना प्रणाली भएको भए अकालमै सर्वसाधारणको ज्यान जाने थिएन। 'रसुवा भोटेकोशी नदीमा आएको बाढीसम्बन्धी पूर्वसूचना पाएको भए अकालमै कसैले मृत्यु व्यहोर्नुपर्ने थिएन,' उहाँ भन्नुहुन्छ।



'राडार र बब्लर सेन्सर नदीको आसपासमा जडान गरिएको हुन्छ, पानीको सतह घटबढ भएको सूचना हाम्रो डाटा लगरमा सङ्कलित हुन्छ र कम्युनिकेशन मोडेलबाट हाम्रो वेबसाइटमा सूचना आउँछ,' बाढीविद् पराजुली भन्नुहुन्छ, 'बाढी आउने सम्भावनालाई विश्लेषण गरेर जिल्ला प्रशासन कार्यालय, प्रहरी, सेना, रेडक्रस, प्रभावित हुन सक्ने समुदायका स्थानीय विपद् व्यवस्थापन समिति तथा प्रतिनिधिहरूलाई सूचना सम्प्रेषण गर्छौं।'

कहिलेकसो स्थानीय बासिन्दाले बाढीको पूर्वसूचना पाएर बाढी आउने भू–भागतिर नै भाग्ने गरेको बताउनुहुन्छ पराजुली। 'जता–जता बाढी आउँछ, उतै–उतै स्थानीय नजाउन् भन्नका लागि हामी पहिल्यै नै तालिम, गोष्ठी तथा समुदाय तहमा गएर जानकारीमूलक कार्यक्रमहरू सञ्चालन गरिरहेका छौँ,' उहाँ भन्नुहुन्छ, 'विगतलाई फर्केर हेर्दा नेपालमा बाढी नआएको कुनै वर्ष नै छैन। गत वर्ष पनि तराईका केही भूभागहरू बाढीको चपेटामा परे, तर राडार र बब्लर सेन्सर जडान भएको ठाउँमा कुनै मानवीय क्षति हुन सकेन।'

आजभन्दा १० वर्षअघि वर्षात्को समयमा आकाशबाट परेको अविरल वर्षासँगै कर्णाली नदीमा ठूलो बाढी आयो। बाढीसँगै बर्दियाको राजापुरको अस्तित्व नै बगाइदियो। ६० घर बाढीसँगै बगेर गए। तर ठूलो बाढी आएर पनि त्यहाँका मानिसलाई बगाउन पाएन। धनको क्षति भयो, तर मानवीय क्षति हुन सकेन। सरकारी तबरबाट स्थापना भएका बाढी पूर्वसूचना केन्द्र र प्रणालीले नै त्यहाँका मानिसलाई जोगाएको बताउनुहुन्छ बाढीविद् पराजुली। ती पूर्वसूचना केन्द्र र प्रणाली स्थापना नभएको भए बाढीको चपेटामा परेर अकालमै ज्यान गुमाउनेको सङ्ख्या सयौं नाघ्न सक्थ्यो।

करिब १० वर्षअघि नै भेरी नदीमा ठूलो बाढी आयो। त्यो बाढीले सुर्खेतको जामु भन्ने बजार नै बगायो। हेर्दाहेर्दै मरुभूमिमा परिणत भयो त्यो बजार। करिब २६ जनाले अकालमै ज्यान गुमाए। कयौँ टुहुरा त कयौँ अपाङ्ग भए। घरवारविहीन त भए नै, तर आफन्त गुमाउनुको पीडा अझै ताजा नै छ त्यहाँका बासिन्दाका लागि।

अब प्रश्न उठ्न सक्छ, बर्दियामा घर बगायो तर मानिस क्षति भएन र सुर्खेतमा मानवीय क्षति भयो। बर्दियामा बाढी आउँदैछ भनेर सर्वसाधारणलाई सुसूचित गर्ने पूर्वसूचना केन्द्र र प्रणाली जडान गरिएको थियो। बाढीको पूर्वसूचनाकै कारण स्थानीयहरू सुरक्षित क्षेत्रमा सर्न सके। आफ्नो महत्त्वपूर्ण धनमालको संरक्षण गर्न सफल भए, बाढी आउनु अगावै। तर सुर्खेतमा पूर्वसूचना दिने प्रविधि जडान गरिएको थिएन। बर्दियामा झैँ बाढी आउँदैछ भन्ने पूर्वसूचना पाउन सकेको भए सुर्खेतमा २६ जनाले ज्यान गुमाउनु पर्दैनथ्यो।

विसं २०७१ मा नै बबई नदीमा चार पटक बाढी आएको थियो। त्यहाँ बाढीसम्बन्धी पूर्वसूचना दिने प्रविधि जडान गरिएको थियो। त्यसकारण नदी आसपासका क्षेत्रमा बसोबास गर्ने मानिस बाढी आउनुअगावै सुरक्षित क्षेत्रमा सरेका थिए। सुरक्षित ठाउँमा गएका कारण त्यहाँ मानवीय क्षति हुन पाएन।

आजभन्दा २० वर्षअघि बाढीको पूर्वसूचना दिने नयाँ–नयाँ प्रविधिको विकास हुन सकेको थिएन। त्यतिबेला सर्वसाधारणले जमिनभित्रका जीवजन्तुबाट पनि अड्कलबाजी लगाउँथे। अब ठूलो पानी पर्न सक्छ र नदीमा बाढी आउन सक्छ भनेर जमिनका सर्प, भ्यागुता, गड्यौला बाहिर निस्कन्थे। अनि सर्वसाधारणले अनुमान लगाउने गर्थे—बाढी आउन सक्छ भनेर। तर यो अनुमान कहिले मिल्थ्यो, कहिले मिल्दैनथ्यो।

समय परिवर्तनसँगै बाढी कतिबेला आउँला भनेर हेर्नकै लागि अग्ला टावरहरू बनाइयो। टावरमा चढेर उपल्लो भेगका मानिसहरू नदीमा हेरेर बस्थे। अनि ठूलो पानी परेर खोलाको सतह बढ्यो भने तल्लो भेगका मानिसलाई चिच्याएर खबर पठाउने प्रयास गरिन्थ्यो। त्यो पनि भरपर्दो हुन सकेन। बाढी आएपछि तल्लो भेगका मानिसलाई सूचना पुर्याउन समय लाग्थ्यो। अनि सर्वसाधारण भाग्न भ्याउँदैनथे। सन् २००८ अघिसम्म मानव–स्वचालित स्टाफगेज (जल सतह मापनयन्त्र) को प्रयोग गर्न थालियो। त्यतिबेला स्टाफगेज हेरेर नदीमा पानीको सतह कतिसम्म पुगेको छ र बाढी आउने सम्भावना छ कि छैन भनेर पत्ता लगाउने गर्थे। बाढी आउने भए स्थानीय प्रतिनिधिहरूलाई आवासेटमार्फत खबर पुर्याइन्थ्यो। बाढी आउने सम्भावित क्षेत्रका मानिसका लागि यो प्रविधि पनि छिटो र छरितो बन्न सकेन।

पूर्वसूचना दिन छिटो र स्वचालित प्रविधिको रूपमा सन् २००० मै विश्वका विकसित देशहरूले राडार र प्रेसर बब्लर सेन्सरको प्रयोग गर्न थालेका थिए। सन् २००५ मा जापानमा भएको संयुक्त राष्ट्रसङ्घको सम्मेलनले बाढी प्रभावित देशहरूलाई बाढीको पूर्वसूचना प्रक्रियालाई छिटो र सहज तरिकाले सम्प्रेषण गर्न राडार र बब्लर सेन्सरको प्रयोग गर्न सुझाव दिएपछि सन् २००८ देखि नेपालमा यो प्रविधिको प्रयोग हुन थालेको हो।

मौसम विभागले मौसमजन्य विपद्बाट हुने मानवीय क्षति कम गर्न समयमै पूर्वसूचना प्रवाहमा सक्रियता बढाएको जनाएको छ। विभागका निमित्त महानिर्देशक डा अर्चना श्रेष्ठले विश्वसनीय र समयमै सूचना प्रवाहले जोखिम न्यूनीकरणमा महत्त्वपूर्ण योगदान पुर्याउने बताउनुभयो।

उहाँका अनुसार जल तथा मौसमको नियमित अवलोकनले पृथ्वीको पानी सञ्चालन प्रक्रिया र वायुमण्डलबीचको अन्तरसम्बन्ध बुझ्न महत्त्वपूर्ण भूमिका खेल्छ। 'यसअन्तर्गत वर्षा, तापक्रम, आद्र्रता, हावाको गति तथा दिशा, नदीको बहावलगायत सूचकहरूको मापन गरिन्छ,' श्रेष्ठले भन्नुभयो, 'यस्ता अवलोकनका आधारमा मौसम पूर्वानुमान, बाढी पूर्वानुमान तथा पूर्वचेतावनी प्रणाली सञ्चालन गरिँदै आएको छ। यसले विशेषगरी मनसुनजन्य विपद् व्यवस्थापनमा प्रभावकारी सहयोग पुर्याइरहेको छ।'

जल तथा मौसम विज्ञान नीति २०८१ ले जल, मौसम, जलवायु तथा हिमसम्बन्धी मापन केन्द्र स्थापना, सञ्चालन, तथ्याङ्क तथा सूचना सङ्कलन, सम्प्रेषण, प्रशोधन, विश्लेशनलगायत नवीनतम प्रविधिको व्यवस्थित प्रयोग गरिने नीति लिएको छ। श्रेष्ठका अनुसार देशभर सञ्चालित ५०० बढी मौसम मापन केन्द्रहरू, २०० बढी जलमापन केन्द्रहरू, थिग्रेनी मापन केन्द्रहरू, हिम केन्द्रहरू, हवाई मौसम मापन केन्द्रहरू, तीन वटा मौसम राडार केन्द्रहरू तथा एक रेडियोसोंड केन्द्रहरूको सञ्चालनमार्फत जल तथा मौसम अवलोकनमा महत्त्वपूर्ण भूमिका खेलिरहेको छ।

### पूर्वसूचना प्रणालीलाई अझै वैज्ञानिक बनाइने

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री अनिलकुमार सिन्हाले पूर्वसूचना प्रणालीलाई अझै वैज्ञानिक, प्रभावकारी र पहुँचयोग्य बनाउने सरकारको योजना रहेको बताउनुभएको छ। मन्त्री सिन्हाले विपद् जोखिम न्यूनीकरणका लागि समयमै सूचना प्रवाह मात्र पर्याप्त नभई त्यसको प्रभावकारी सञ्चार उत्तिकै आवश्यक रहेको उल्लेख गर्नुभयो।

उहाँले स्थानीय भाषामा सूचना प्रवाह गर्न सके मात्र समुदाय तहसम्म सचेतना विस्तार हुने बताउँदै जनचेतना अभिवृद्धि अपरिहार्य रहेको औँल्याउनुभयो। 'पूर्वसूचना प्रणाली प्रभावकारी बनाउन स्थानीयस्तरमा बुझिने भाषामा जानकारी दिनु जरुरी छ,' उहाँले भन्नुभयो।

मन्त्री सिन्हाले अनुसन्धान तथा नयाँ प्रविधिको विकास र प्रवद्र्धनमा विशेष जोड दिनुपर्ने आवश्यकता औँल्याउँदै यस क्षेत्रमा लगानी वृद्धि गर्न सरकार प्रतिबद्ध रहेको जानकारी दिनुभयो। विपद् व्यवस्थापन र पूर्वसूचना प्रणाली सुदृढीकरणका लागि सरकारी तथा गैरसरकारी क्षेत्रबीचको सहकार्य अपरिहार्य रहेको उहाँको भनाइ छ।


### पहिरोसम्बन्धी पूर्वसूचनाको पनि आवश्यकता

बाढीसम्बन्धी पूर्वसूचनाका कारण जनधनको क्षति कम हुँदै आए पनि नेपालमा पहिरोसम्बन्धी पूर्वसूचनाको विकास पर्याप्त हुन सकेको छैन। विज्ञहरूले पहिरोसम्बन्धी पूर्वसूचनाको विकास जरुरी रहेको औँल्याएका छन्। भूगर्भविद् डा सुवोध ढकालले पहिरोसम्बन्धी पूर्वसूचना विकास हुन सकेमा मनसुनजन्य विपद्बाट हुने क्षति कम गर्न सकिने बताउनुभयो।

'बाढीको हकमा कहिले पानी पर्छ, कुन खोलाको पानीको सतह बढ्दै छ भन्ने कुरा जानकारी दिइन्छ, यसले क्षति कम गराएको छ,' उहाँले भन्नुभयो, 'तर पहिरोमा गाह्रो के हुन्छ भने जमिन कहाँतिर बग्दै छ भन्ने बुझ्न पानीको सतह हेर्नुपर्ने हुन्छ। जमिनभित्र पानीको मात्रा पर्याप्त भएर बाहिर आयो भने पहिरो जान सक्छ भनेर अनुमान गर्न सकिन्छ। यसका लागि पहिरोसम्बन्धी पूर्वसूचनामा लगानी आवश्यक छ।'

# नयाँ मन्त्रीहरूको पर्खाइमा सिंहदरबार

मधु शाही र सिर्जना राई/रासस



मन्त्रालयका गेटदेखि भित्रैसम्म 'इनडोर प्लान्ट' का गमला सजाएर हरियाली पारिएको छ। मन्त्रालयका परिसरहरू पनि फूल रोपेर चिटिक्क देखिन्छन्। कतिपय कर्मचारीहरू मन्त्रीका कार्यकक्ष सजाउन खटिएका छन्। नयाँ मन्त्रीको स्वागतमा सजिएका छन्, मन्त्रालयहरू।

यसै त वसन्त ऋतुमा सिंहदरबारका बगैँचामा फूलहरू ढकमक्क छन्। त्यसैमा अहिलेको सजावटले 'सुनमा सुगन्ध' थपिदिए जस्तै भएको छ। यसो हेर्दा लाग्छ, सिंहदरबारमा फुलेका फुलहरू पनि नयाँ सरकारको स्वागतार्थ लामबद्ध छन्।

निर्वाचनको अन्तिम परिणाम आइसकेको छ र सांसदहरूको शपथ चैत १२ गतेका लागि तोकिएको छ। त्यसलगत्तै सरकार गठन गर्न राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) गृहकार्यमै छ। त्यसैले केही दिनमै बन्ने सरकारको स्वागतका लागि सिंहदबारभित्र तयारी भइरहेको हो।

गत भदौ २३ र २४ गते जेन्जी आन्दोलनका क्रममा आगलागीमा परेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मुहार पनि यसै मेसोमा फेरिँदै छ, सिँगारिँदै छ। मन्त्रालयका सूचना अधिकारी मधुप्रसाद घिमिरेका अनुसार जेन्जी आन्दोलनका बेला टेलिफोनका जलेका टेलिफोनका तारहरू व्यवस्थित हुँदैछन्। उहाँले भन्नुभयो, 'मन्त्रालय चिरिच्याट्ट बन्दै छ। नयाँ मन्त्रीको स्वागतमा तयार हुँदै छ।'

युवा खेलकुद मन्त्रालयमा पनि नयाँ मन्त्रीको स्वागतका तयार गरिँदै छ।

यसैगरी, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय पनि नयाँमन्त्रीसँगै नीतिगत कार्य सम्पादनको पर्खाइमा छ। मन्त्रालयका सहसचिव एवम् प्रवक्ता उदयबहादुर रानामगरले कार्यकारी अर्थात मन्त्री नहुँदा नियमित सामान्य कामसमेत प्रभावित भइरहेको अवस्थामा नयाँ मन्त्रीको स्वागत गर्न मन्त्रालयका कर्मचारी उत्साहित रहेको बताउनुभयो।

उहाँले विगतमा जस्तै भौतिक संरचनाको हिसाबले मन्त्रीकक्ष पूर्ण व्यवस्थित नै रहेको सुनाउनुभयो। 'मन्त्री हुँदा पब्लिक चहलपहल हुने गर्यो। अहिले सुनसान जस्तै छ,' उहाँले भन्नुभयो, 'मन्त्रीको प्रतीक्षामा कार्यालयदेखि कर्मचारी रहेका छौँ।'

त्यस्तै, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय पनि जलेको अघिल्लो भाग पेन्टिङ गरेर चिरिच्याट्ट पारिएको छ। मन्त्रालयका एक कर्मचारीले भन्नुभयो, 'अब नयाँ सरकार आएसँगै चहलपहल बढ्ला, अहिले त सुनसानै छ।'

मन्त्रालयका सूचना अधिकारी राजु महर्जनले नयाँ मन्त्रीको आगमनसँगै मन्त्रालयमा सेवाग्राहीले चाप बढ्ने हुनाले आवश्यक सबै तयारी सकिएको बताउनुभयो। जेन्जी आन्दोलनका क्रममा मन्त्रालयको क्षतिग्रस्त भवनको पुनः निर्माण सम्पन्न भइसेको छ। नियमित प्रशासनिक कामबाहेक नीतिगत मन्त्रिस्तर निर्णयका लागि मन्त्रालय प्रतिक्षारत रहेको उहाँको भनाइ छ।

जेन्जी आन्दोलनले पूर्ण रूपमा क्षति भएको मन्त्रालयमध्ये, बेला रामशाह पथमा रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय थियो। भवनको क्षति भएसँगै कार्यालय व्यवस्थित बनाउने सङ्घर्षमै रहेको छ।

मन्त्रालयको आधा कार्य कार्यालय अहिले सिंहदबारस्थित अस्थायी टहरामा सीमित छ। यद्यपि आगामी सरकार गठनले ल्याउने स्वास्थ्यमन्त्रीको स्वागत गर्न मन्त्रालय प्रशासन चुस्त छ। मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीका अनुसार भवन जलेपछि स्वास्थ्य मन्त्रालयको आफ्नो स्थायी संरचना छैन। उहाँका अनुसार हालका स्वास्थ्यमन्त्री डा सुधा गौतमले आइतबारदेखि अत्यावश्यक कामबाहेक मन्त्रालयमा नियमित उपस्थित नहुने गरी धन्यवाद दिएर जानुभएको छ। आगामी बजेटको तयारीमा लागेको मन्त्रालयले बेलैमा नयाँ मन्त्रीको स्वागत गर्न पाए प्रभावकारी हुने आशा रहेको मन्त्रालयका प्रवक्ता बुढाथोकीको धारणा छ।

'टहरामा मन्त्रालय चलाउनु परेको अवस्था छ,' उहाँले भन्नुभयो, 'हाम्रो यति मात्र आशा छ कि बजेटको तयारी गर्दै गर्दा स्वास्थ्यमन्त्री छिटो नियुक्ति भएको खण्डमा पछि पनि सजिलो हुन्थ्यो।'

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव एवम् प्रवक्ता नीता पोखरेल अर्यालले नयाँ मन्त्रीको स्वागतका लागि खास तयारी आवश्यक नभएको बताउनुभयो। उहाँले भवन संरचना पूर्ण तयार रहेकाले पनि तयारी आवश्यक नभएको बताउनुभयो। नियमित प्राशासनिक काम सञ्चालन भइरहेको र नीतिगत कामहरू सम्पादन गर्न मन्त्रीको पर्खाइमा रहेको उहाँले सुनाउनुभयो।

# नयाँ संसद् भवनमा सबै सांसदलाई बेग्लाबेग्लै 'चेम्बर'



**काठमाडौँ ।**
सङ्घीय संसद् सचिवालय नवनिर्वाचित प्रतिनिधिसभा सदस्यको पद तथा गोपनीयताको शपथ व्यवस्थापनको तयारीमा जुटिरहेको छ । सोही सन्दर्भमा सचिवालयले यही चैत ५ गते सूचनामार्फत निर्वाचित सांसदहरुलाई शपथ कार्यक्रममा सहभागी हुन आह्वान गरिसकेको छ ।

यही चैत १२ गते अपराह्न २ बजे शपथ समारोहको आयोजना गरिएको छ । निर्धारित समयभन्दा दुई घण्टाअगावै औपचारिक वा आफ्नो सांस्कृतिक पहिचानको पोसाकमा उपस्थितिका लागि सचिवालयको अनुरोध छ । राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष प्रतिनिधिसभाका ज्येष्ठ सदस्य ७८ वर्षीय अर्जुननरसिंह केसीले यही चैत ११ गते राष्ट्रपति भवन शीतल निवासमा शपथ लिनेछन् । त्यसपछि यही चैत १२ गते निर्वाचित प्रतिनिधिसभा सदस्यलाई ज्येष्ठ सदस्य केसीले शपथ दिलाउनुहुनेछ ।

नेपालको संविधानको धारा, ८८ मा 'सङ्घीय संसद्को प्रत्येक सदनका सदस्यले सदन वा त्यसको कुनै समितिको बैठकमा पहिलो पटक भाग लिनुअघि सङ्घीय कानुनबमोजिम शपथ लिनुपर्ने' व्यवस्था छ । संविधानको धारा, ९१ (५) मा प्रतिनिधिसभाको सभामुख र उपसभामुखको निर्वाचन नभएको वा दुवै पद रिक्त भएको अवस्थामा प्रतिनिधिसभाको बैठकको अध्यक्षता उपस्थित सदस्यमध्ये उमेरका हिसाबले ज्येष्ठ सदस्यले गर्ने व्यवस्था छ । शपथ समारोहपछि नवनिर्वाचित सदस्यलाई प्रतिनिधिसभा सदस्यको प्रतीक चिह्न (लोगो), संविधान, संसद् नियमावली, सङ्घीय संसद्का पदाधिकारी तथा सदस्यहरुको सेवा सुविधासम्बन्धी सँगालोसहितका सामग्री उपलब्ध गराइनेछ ।

सचिवालयका प्रवक्ता एकराम गिरिले नवनिर्वाचित सांसदको शपथको आवश्यक व्यवस्थापनतर्फ सचिवालय लागिरहेको जानकारी दिए । उनले भने, 'सिंहदरबारस्थित निर्माणाधीन सङ्घीय संसद् भवनको बहुउद्देश्यीय हलमा सांसदहरुको शपथ र अधिवेशनका प्रारम्भिक बैठक गर्ने तयारी भइरहेको छ ।'

हलभित्रको भौतिक पूर्वाधार निर्माणको काम सम्पन्न भइसकेको छ भने केही प्राविधिक काम अन्तिम चरणमा पुगेको छ । सुरक्षालगायत विभिन्न पाटोबाट व्यवस्थापनको काम भइरहेको प्रवक्ता गिरिले स्पष्ट पारे ।

सरकारको सिफारिसमा राष्ट्रपतिबाट संसद् अधिवेशन आह्वान हुने संवैधानिक व्यवस्था छ । अधिवेशन आह्वानपछि संसद् बैठकको तयारीमा लाग्ने सचिवालयले जनाएको छ । निर्वाचनपछि संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दल र सांसद संख्या फेरबदल भएसँगै सचिवालयले संसदीय दलको कार्यालय पनि सोहीअनुसार व्यवस्थापन गरिएको जनाएको छ ।

सचिवालयभित्रै भएका संसदीय दलका कार्यालयलाई पार्टीको 'स्ट्रेन्थ' अनुसार व्यवस्थापन गरिएको छ, प्रवक्ता गिरीले भने । गत फागुन २१ गते सम्पन्न निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीका १८२, नेपाली कांग्रेसका ३८, नेपाली कम्युनिष्ट पार्टी (एमाले)का २५, नेपाली कम्युनिष्ट पार्टीका १७, श्रम संस्कृति पार्टीका ७ र राष्ट्रिय प्रजातन्त्र पार्टीका पाँच तथा स्वतन्त्र सांसद एक जना निर्वाचित भएका छन् ।

नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)लाई साबिककै संसदीय दलको कार्यालयमा व्यवस्थापन गरिएको छ । नेपाली कम्युनिष्ट पार्टीले प्रयोग गर्दै आएको सचिवालयको भवन नं २ अन्तर्गत साविकको कार्यालय राष्ट्रिय स्वतन्त्र पार्टीका लागि व्यवस्था गरिएको छ । यसअघि रास्वपाले प्रयोग गर्दै आएको कार्यालय भवनलाई नेकपा, श्रम संस्कृति र राष्ट्रिय प्रजातन्त्र पार्टीको संसदीय दलको कार्यालयका रुपमा व्यस्थापन गरिएको छ । 'त्यो अल्पकालीन व्यवस्था हो, निर्माणाधीन संसद् भवन सम्पन्न भएपछि सोही भवनभित्रै दलको कार्यालयहरु रहनेछन्,' प्रवक्ता गिरिले भने । नयाँ संसद् भवनमा सबै सांसदलाई बेग्लाबेग्लै 'चेम्बर'को समेत व्यवस्था गरिएको छ । रासस


# कार्की आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग



**काठमाडौं ।**
नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले गौरीबहादुर कार्की नेतृत्वले बुझाएको प्रतिवेदन सार्वजनिक गर्न सरकारसँग माग गरेका छन् । महामन्त्री पौडेलले सोमबार सामाजिक सञ्जालमा एक वक्तव्य जारी गरी जेनजी आन्दोलनका क्रममा गत भदौ २३ र २४ गतेका घटना छानविनका लागि गठित आयोगबाट प्राप्त भएको प्रतिवेदन सार्वजनिक गर्न माग गरे ।

आयोगले प्रतिवेदन बुझाएको लामो समय भइसक्यो प्रतिवेदन सार्वजनिक नगरी गुपचुप राखिनु विडम्बना हो, यसले आशंका जन्माएको छ, महामन्त्री पौडेलले भने । आयोगले दिएको प्रतिवेदन सार्वजनिक गर्नु सरकारको दायित्व र जिम्मेवारी भएको उनको भनाइ छ । महामन्त्री पौडेलले आइतबार सम्पन्न कांग्रेसको केन्द्रीय कार्यसमिति बैठकबाट पार्टीले प्रतिवेदन सार्वजनिक गर्न सरकारसँग माग गर्ने निर्णय गरेको स्मरण गराए । रासस

# १६ प्रकारका खनिजजन्य वस्तुको उत्खनन अनुमति



**काठमाडौँ ।**
खानी तथा भूगर्भ विभागले चुनढुंगा, रातोमाटो, धातु, पत्थरलगायत विभिन्न १६ प्रकारका खनिजजन्य वस्तुको उत्खननको अनुमति दिएको छ । स्वदेशमा रहेको खनिज सम्पदाको अन्वेषण कार्यबाट विभागले खनिजजन्य उद्योगहरूको विकास गरी देशमा औद्योगिक उत्पादन तथा आर्थिक विकास गर्ने उद्देश्यले उत्खननको अनुमति प्रदान गरेको हो ।

विभागले गत आर्थिक वर्षसम्ममा अनुमति दिएका खनिजजन्य वस्तुहरूमा टुर्मालिन, टल्क, क्वार्ज, काइनाइट, मार्बल, फलाम, जिंक , क्वार्जजाइट, म्याग्नेसाइट, डोलोमाइट र तामालगायत खानी छन् ।

खानी अनुमतिपत्र प्रदान गर्ने नियमअनुसार उत्खनन अनुमति माग भएका कम्पनीमध्ये खानी प्रस्ताव अध्ययन गरी आवश्यकताअनुसार प्रक्रिया पूरा भएका विभागले निजी तथा स्वदेशमा दर्ता भएका विभिन्न अन्तरराष्ट्रिय कम्पनीका १६६ संस्थालाई अनुमति प्रदान गरेको सूचना अधिकारी नारायण बाँस्कोटाले जानकारी दिए । देशको खनिज सम्पदाको खोजतलास, अन्वेषण, विकास र उत्खननसमेत गर्दै आएको विभागले खानी अनुमति प्रदान गर्दा वातावरणीय प्रभाव मूल्यांकनमा प्रभाव नपर्ने, दर्ता तथा उत्पादनको अनुपातमा राजस्व संकलन, स्थानीयको लाभ हुने गरी आवश्यक सर्तहरू तोक्ने गरेको जनाइएको छ । विभागले करिब एक सय चुनढुंगा खानीले उत्खननको इजाजत प्राप्त गरेको जनाएको छ । भौगोलिक विकटता र यातायातको अभावलगायत कारणले देशमा खनिज सम्पदाको आवश्यक विकास हुन नसकेको सूचना अधिकारी बाँस्कोटाले जानकारी दिए । नेपालमा खनिज सम्पदाको विकास हुन नसक्नुका मुख्य कारणहरूमा पुँजी र आधुनिक प्रविधिको अभाव, भौगोलिक विकटता एवं नीतिगत समस्या पाइएको छ । पूर्वाधारको कमी, खनिज सम्पदाको विस्तृत अन्वेषण हुन र वातावरणीय जोखिम, खनिज उत्खननका लागि आवश्यक महँगो प्रविधि, उपकरण र ठूलो पुँजीको अभाव, र लगानीमैत्री वातावरण नबन्नाका कारण खनिज उत्खनन चुनौतीपूर्ण बनेको छ । धेरैजसो खनिज पदार्थ दुर्गम र भिरालो स्थानमा रहेकाले उत्खनन पनि ढुवानीमा कठिन रहेको जनाइएको छ । रासस

# जल तथा मौसमको वैज्ञानिक अवलोकनले सुरक्षित भविष्यः मन्त्री

**काठमाडौं ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री अनिलकुमार सिन्हाले वैज्ञानिक अध्ययन, तथ्यांक संकलन र विश्लेषणले भविष्यमा विपद् न्यूनीकरण तथा सुरक्षित समाज निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने बताएका छन् । विश्व जल तथा मौसम दिवसको सन्दर्भमा जल तथा मौसम विज्ञान विभागद्वारा आयोजित कार्यक्रममा उनले जल तथा ऊर्जा आयोगको सचिवालयको संयोजनमा सञ्चालन गरिएको सप्ताहव्यापी कार्यक्रमले जल तथा मौसमसम्बन्धी जनचेतना अभिवृद्धिमा योगदान पु¥याउने विश्वास व्यक्त गरे ।



मन्त्री सिन्हाले नेपालको भौगोलिक विविधता–हिमाल, पहाड र तराईका कारण मौसम तथा जलवायु प्रणाली जटिल र संवेदनशील रहेको उल्लेख गर्दै जलवायु परिवर्तनका कारण विपद् जोखिम बढ्दै गएको बताए । उनका अनुसार असामान्य वर्षा, बाढी, पहिरो, तातो हावाको लहर, हिमनदी पग्लावट तथा हिमताल विस्फोटजस्ता घटनाले जनजीवन, पूर्वाधार र अर्थतन्त्रमा गम्भीर असर पारिरहेका छन् । 'यस्तो अवस्थामा वैज्ञानिक जानकारी, समयमै पूर्वानुमान र प्रभावकारी पूर्वसूचना प्रणालीको भूमिका अत्यन्त महत्वपूर्ण हुने छ । कृषि, जलस्रोत, ऊर्जा, पर्यटन, स्वास्थ्य, यातायात तथा उड्डयन क्षेत्र यी सेवामा निर्भर रहेको छ,' उनले भने । सरकार जल तथा मौसम सेवाको विस्तार, सुदृढीकरण र आधुनिकीकरणप्रति प्रतिबद्ध रहेको उल्लेख गर्दै मन्त्री सिन्हाले पूर्वानुमान प्रणालीलाई अझ विश्वसनीय र प्रभावकारी बनाउन आधुनिक प्रविधि प्रयोग, पूर्वाधार विस्तार तथा दक्ष जनशक्ति विकासमा जोड दिइएको जानकारी दिए । उनले जोखिमयुक्त समुदायसम्म समयमै सूचना पु¥याउन पूर्वसूचना प्रणालीलाई थप सुदृढ बनाउने सरकारको प्राथमिकता रहेको पनि स्पष्ट पारे । साथै अन्तर्राष्ट्रिय सहकार्य, प्रविधि हस्तान्तरण, अनुसन्धान र नवप्रवर्तनमार्फत सेवा गुणस्तर अभिवृद्धि गर्ने दिशामा सरकार अग्रसर रहेको उनको भनाइ थियो । मन्त्री सिन्हाले सरकारी, गैरसरकारी, निजी तथा शैक्षिक क्षेत्रबीचको सहकार्यबाट मात्र जल तथा मौसम सेवाहरू प्रभावकारी रूपमा नागरिकसम्म पुऱ्याउन सकिने धारणा व्यक्त गरे । रासस

# निर्वाचनमा नयाँ मानक स्थापित गरेका छौँः गृहमन्त्री

**काठमाडौं ।**
गृहमन्त्री ओमप्रकाश अर्यालले प्रतिनिधिसभा सदस्य निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न भूमिका निर्वाह गर्ने गृह मन्त्रालयका कर्मचारी र सुरक्षा निकायलाई सम्मान गरेका छन् । सोमबार मन्त्रालयमा आयोजित एक कार्यक्रममा मन्त्री अर्यालले कर्मचारी र सुरक्षा निकायलाई प्रशंसा–पत्रद्वारा सम्मान गरेका हुन् ।



मन्त्री अर्यालले गृह मन्त्रालयका सचिव राजकुमार श्रेष्ठ, रक्षा मन्त्रालयका सचिव केदारनाथ शर्मा, नेपाली सेनाका बलाध्यक्ष रथी प्रदीप जङ्ग केसी, प्रहरी महानिरीक्षक दानबहादुर कार्की, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख टेकेन्द्र कार्की, काठमाडौं, ललितपुर र भक्तपुरका जिल्ला सुरक्षा समितिका पदाधिकारी, गृह मन्त्रालयका उच्च अधिकारीलाई प्रसंशापत्रद्वारा सम्मान गरे । साथै जिल्ला सुरक्षा समितिका पदाधिकारीलगायत निर्वाचनमा खटिने सबै कर्मचारी, सुरक्षाकर्मीहरूलाई बधाईसहित सम्मान व्यक्त गरेका छन् ।

उनले भने, 'निर्वाचन ऐतिहासिक रुपमा सफलतापूर्वक सम्पन्न गरेर नयाँ मानक स्थापित गरेका छौँ, यो पटकको निर्वाचनमा रक्तपात भएन । पुनः निर्वाचन गर्नुपरेन । सामूहिक नेतृत्व प्रणाली र सबै सरोकारवालाको बलियो समन्वयका कारण सकारात्मक परिणाम हासिल भएको छ । आगामी दिनमा सलाई कायम राख्न जरुरी छ ।' मन्त्री अर्यालले उत्साह वद्र्धक रुपमा निर्वाचन सफल बनाउन सक्रिय केन्द्रदेखि जिल्ला तहसम्मको सुरक्षा समितिहरू, निर्माण कमान्ड फोर्स, सुरक्षा सेल र जिम्मेवार सरकारी अधिकारीहरूले खेलेको भूमिका ऐतिहासिक र राज्यका लागि उत्तरदायी भएको बताए । 'निर्वाचनमा खटिएका अधिकारीहरूको सृजनशीलता र क्षमता प्रशंसनीय छु, मन्त्री अर्यालले भने, 'विगतका कतिपय घटनाहरु नेतृत्वले घट्नाबारे नबुझीकन निर्देशन दिए होलान् । कसैका भनाइलाई स्क्रिनिङ नै नगरी, कुरा नबुझीकन निर्देशन भए होलान् । तर यस पटक राम्रोसँग स्क्रिनिङ गरेर, निर्णय पुग्नुभन्दा अगाडि धेरै विचार गरेका छौँ, समन्वय गरेका छौँ । आइसकेका समन्वयात्मक निर्णयलाई हेरेर काम गरेका छौँ, यसमा सबै तहका सुरक्षा निकायहरूको भूमिका उल्लेखनीय छ ।'

अर्यालले निर्वाचनका दौरानमा बलियो समन्वय र सहकार्यले सफलता हात परेको उल्लेख गरे । गृह मन्त्रालयको सुरक्षा तथा समन्वय महाशाखाका प्रमुख एवं प्रवक्ता आनन्द काफ्लेले गृह मन्त्रालयको सुझबुझपूर्ण र समन्वयकारी नेतृत्वका कारण निर्वाचन सुरक्षा र शान्ति सुव्यवस्था कायम गर्नमा सकारात्मक परिणाम हासिल भएको उल्लेख गरे । रासस

# सिंहदरबारमा ६ दलका संसदीय कार्यालय तयार

**काठमाडौं ।**
संघीय संसद् सिंहदरबारभित्रबाटै सञ्चालन गर्ने तयारीसँगै नवनिर्वाचित ६ राष्ट्रिय दलका संसदीय कार्यालय व्यवस्थापन अन्तिम चरणमा पुगेको छ । दलहरूको सांसद संख्या र पदाधिकारीको आवश्यकता अनुसार कक्षहरू छुट्ट्याइएको छ । अधिकांश स्थानमा रङरोगन, कार्पेट र फर्निचर जडानको काम सम्पन्न भइसकेको छ ।

यसपटक बहुमतसहित उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई सबैभन्दा ठूलो कक्ष दिइएको छ । सचिवालय भवन नं २ मा व्यवस्थित गरिएको रास्वपाको संसदीय दलको कक्षमा १८० कुर्सीसहितको बैठक हल राखिएको छ । यसअघिका कार्पेट, पर्दा र अधिकांश फर्निचर पुनः प्रयोग गरिएको छ । थोरै नयाँ थपिएको छ । खर्च कटौतीलाई प्राथमिकता दिने दलको धारणाअनुसार रास्वपाका महामन्त्री एवं नवनिर्वाचित सांसद कबिन्द्र बुर्लाकोटीले नयाँ खरिद नगरी उपलब्ध सामग्रीबाटै व्यवस्थापनका निम्ति गरेको आग्रहअनुसार कार्य गरिएको कर्मचारी बताउँछन् ।

बैठक हलसँगै पदाधिकारीका निम्ति थप पाँच कक्ष समेत तयार पारिएको छ । रास्वपाले यसअघि प्रयोग गर्दै आएको भवनमा भने अरू दलको कार्यालय व्यवस्थापन गरिएको छ । नेपाल कम्युनिस्ट पार्टी (नेकपा), श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का संसदीय दलका कक्षहरू त्यही भवनमा तयार गरिएको छ । ती कक्षमा रङरोगन सम्पन्न भइसकेको छ भने कार्पेट र फर्निचर जडानको काम जारी छ ।

नेपाली कांग्रेस र नेकपा (एमाले)लाई भने साबिककै संसदीय दलका कार्यालयमा निरन्तरता दिइएको छ । सांसद संख्या र पदाधिकारीका आधारमा कोठा विभाजन गरिएको छ । संघीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार, यो व्यवस्थापन अल्पकालीन भए पनि बैठक सञ्चालन सुरु हुने समयसम्म सबै दलका संसदीय कार्यालय पूर्ण रूपमा तयार भइसक्ने छन् । रासस

# फ्लोरा एक्स्पोमा एक करोड २२ लाखको कारोबार



**काठमाडौँ ।**
पुष्प व्यवसाय प्रवद्र्धन गर्ने उद्देश्यसहित आयोजना गरिएको २७औँ फ्लोरा एक्स्पोमा एक करोड २२ लाखको आर्थिक कारोबार भएको छ । फ्लोरिकल्चर एशोसिएशन नेपालले भृकुटीमण्डपमा यही चैत पाँच गतेदेखि सुरु भएको मेलामा आइतबारसम्ममा कूल ६० हजार ७०० जनाले अवलोकन गरेका छन् । एक करोड २२ लाख ६० हजार बराबरको कारोबार भएको आयोजकले जनाएको छ ।

फ्यानका कोषाध्यक्ष राजकृष्ण बजगाईंका अनुसार पहिलो दिन नौ हजार ५०० जनाले अवलोकन गरेका थिए भने २१ लाख ५० हजार बराबरको कारोबार भएको थियो । दोस्रो दिन १७ हजार ५०० दर्शकको सहभागिता २९ लाख ५० हजार कारोबार भएको थियो । तेस्रो दिन २१ हजार ५०० दर्शकले मेला अवलोकन गरेका थिए भने ३९ लाख ८० हजार बराबरको कारोबार भएको थियो । अन्तिम दिन आइतबार १२ हजार २०० जना दर्शकले मेला अवलोकन गर्दा ३१ लाख ८० हजार कारोबार भएको थियो ।

'स्वच्छ वातावरण, रोजगारी तथा आर्थिक समृद्धिका लागि पुष्प व्यवसाय' भन्ने मूल नारासहित चैत ५ गतेदेखि सुरु भएको मेला आइतबार सकिएको हो । मेलामा व्यावसायिक ६५, अफिसियल ११, प्रतिस्पर्धात्मक दुई, फुड दुई, ल्याण्डस्केप एक, सेल्फी एक तथा बीवाइडी ईभी कारसहित गरी कूल ८३ वटा स्टल रहेका थिए । प्रदर्शनीमा सहभागी व्यवसायीले उत्पादन गरेका फूल तथा बिरुवाहरू विभिन्न विधामा प्रतिस्पर्धामा समावेश गरिएको बजगाईंले जानकारी दिए । हाल देशभर ५२ जिल्लामा २७० हेक्टर क्षेत्रफलमा फैलिएको पुष्प व्यवसायमा रु आठ अर्ब ८३ करोडभन्दा बढी लगानी रहेको र करिब ५३ हजार ५०० भन्दा बढीले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा रोजगारी पाएको तथ्याङ्क छ ।

पछिल्लो समय विदेशी फूलको आयातमा भने उल्लेख्य गिरावट आएको छ । अघिल्लो वर्ष २७ करोड ७९ लाख बराबरको पुष्प तथा पुष्पजन्य वस्तु आयात भएकोमा यस वर्ष ५४.२७ प्रतिशतले घटेर १२ करोड ७० लाखमा सीमित भएको भन्सार विभागको तथ्याङ्कले देखाएको छ । निर्याततर्फ भने १०९.१६ प्रतिशतले वृद्धि भई दुई करोड १३ लाख पुगेको छ । रासस

# व्यावसायिक गाईपालनबाट आयआर्जन गर्दै वडाध्यक्ष तामाङ



**भोजपुर ।**
भोजपुरको पौवादुङमा गाउँपालिका–१ श्यामशिलाका वडाध्यक्ष राजेन्द्र तामाङ जनताको सेवासँगै व्यावसायिक गाईपालनमा व्यस्त छन् । उनी जनप्रतिनिधिको जिम्मेवारीका साथसाथमा उत्पादनमूलक क्षेत्रमा लागिरहेका छन् । तामाङले चलाएको गाई फार्ममा हाल उन्नत जातका चार गाई छन् । व्यवस्थित रूपमा गाईपालन गर्दै आएका उनले आधुनिक तरिका अपनाउँदै उत्पादन बढाउने प्रयाससमेत गरेका छन् ।

दैनिक रूपमा उत्पादन हुने दूध स्थानीय बजारमा बिक्री गर्दै उनले आम्दानी लिन सफल भएका छन् । दूध बिक्रीबाट सबै खर्च कटाएर मासिक २५ हजारदेखि ३० हजार रुपैयाँसम्म आम्दानी भइरहेको उनको भनाइ छ । उनका अनुसार जनप्रतिनिधिको जिम्मेवारी निर्वाह गर्दै बाँकी समयलाई कृषि तथा पशुपालनमा लगानी गर्दा आर्थिक रूपमा सुदृढ बन्न सकिन्छ ।

'समय व्यवस्थापन गरेर काम गर्न सकियो भने सरकारी जिम्मेवारीसँगै उत्पादनमूलक क्षेत्रमा पनि सफलता हासिल गर्न सकिन्छ,' उनले भने, 'युवाहरू वैदेशिक रोजगारीमा जानुभन्दा गाउँमै केही गरेर देखाउनुपर्छ भन्ने मेरो सन्देश हो । गाईपालनबाट प्राप्त आम्दानीले परिवारको खर्च धान्न सहयोग पुग्नुका साथै थप लगानीका लागि प्रेरणा मिलेको उनले बताए । पछिल्लो समय दानापानी, औषधि तथा व्यवस्थापनमा हुने खर्च बढे पनि उचित योजना र मेहनतले राम्रो प्रतिफल लिन सकिने उनको अनुभव छ' ।

तामाङको यस पहलले स्थानीय किसानलाई समेत व्यावसायिक पशुपालनतर्फ आकर्षित गर्न मद्दत पुगेको छ । उनको फार्म अवलोकन गर्न आउने स्थानीयले गाईपालनसम्बन्धी जानकारी लिनुका साथै आफ्नै गाउँमा व्यवसाय सुरु गर्ने सोच बनाउने गरेका छन् । श्यामशिलाका ३९ किसानले उन्नत जातका गाई पाल्दै आएका छन् । यसले गाउँस्तरमै रोजगारी सिर्जना र आयआर्जन वृद्धि गर्ने सम्भावना बलियो बनाएको छ ।

पौवादुङमा गाउँपालिकाले समेत कृषि तथा पशुपालनलाई प्राथमिकतामा राख्दै विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको सन्दर्भमा जनप्रतिनिधि नै यस क्षेत्रमा सक्रिय हुनु सकारात्मक सङ्केतका रूपमा हेरिएको छ । स्थानीय तहले दिने अनुदान, तालिम तथा प्राविधिक सहयोगको प्रभावकारी उपयोग गर्न सके किसानको जीवनस्तर सुधार गर्न सकिने सरोकारवालाको भनाइ छ ।

भविष्यमा गाईको सङ्ख्या बढाएर फार्मलाई अझ विस्तार गर्ने योजना रहेको तामाङले बताए । उनले दूध उत्पादनसँगै अन्य दुग्धजन्य पदार्थ उत्पादनतर्फ समेत ध्यान दिने सोच बनाएका छन् । गाउँमै बसेर मेहनत गर्दा आत्मनिर्भर बन्न सकिन्छ भन्ने सन्देश दिँदै तामाङले युवाहरूलाई कृषि र पशुपालनतर्फ आकर्षित हुन आग्रह गरेका छन् । गाई फार्मबाट उत्पादन भएको प्राङ्गारिक मलको सदुपयोग गर्ने लक्ष्यले उनले करिव ३०० रोपनी क्षेत्रमा किबी खेतीसमेत विस्तार गरेको बताए । उनले थालेको कामलाई परिवारका सदस्यले आवश्यक सहयोग गर्दै आएका छन् । रासस

# अमेरिकाविरुद्ध इरानको तयारी तीव्र दियो हर्मुज बन्द गर्ने चेतावनी

**तेहरान ।**
मध्यपूर्वमा जारी युद्धको चौथो हप्तामा अमेरिकाले इरानविरुद्ध चेतावनी जारी गरेपछि इरानले हर्मुज स्ट्रेट पूर्ण रूपमा बन्द गर्ने चेतावनी दिएको छ । स्ट्रेट तेल र अन्य निर्यातका लागि अत्यन्त महत्वपूर्ण छ । इरानले यदि अमेरिका इरानका पावर प्लान्टहरूमा आक्रमण गर्छ भने तत्काल प्रतिक्रिया स्वरूप हर्मुज स्ट्रेट बन्द गरिने जनाएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिवार साँझ स्ट्रेट खोल्न ४८ घण्टे समयसीमा तोकेका थिए ।

**इजरायलमा आक्रमण र घाइतेहरू**

इजरायली नेताहरूले दक्षिणी इलाकाका दुई समुदायको भ्रमण गरे, जहाँ इरानी मिसाइल आक्रमणबाट धेरै मानिस घाइते भएका थिए । प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले कुनै मृत्यु नहुँदा यसलाई अद्भुत बताएका छन् । नेतन्याहूले इजरायल र अमेरिकाले युद्ध लक्ष्य हासिल गर्न प्रगति गर्दै आएको दाबी गरे । यसमा इरानको नाभिकीय कार्यक्रम, मिसाइल कार्यक्रम र हतियारयुक्त समूहहरूको समर्थन कमजोर पार्ने साथै इरानी जनतालाई धर्मनिरपेक्ष शासनतर्फ उन्मुख गर्ने उद्देश्य रहेको छ ।

**हर्मुज स्ट्रेट र ऊर्जा संरचना जोखिममा**

इरानले हर्मुज स्ट्रेटमा प्रभावकारी रूपमा जहाज आवागमन रोकिरहेको छ, तर शत्रु देशहरू बाहेकका जहाजहरूलाई सुरक्षित आवागमनको अनुमति दिएको छ । यो स्ट्रेट विश्व तेल आपूर्तिको लगभग एक–पाँचौं हिस्साका लागि अत्यन्त महत्त्वपूर्ण छ । इरानी संसदका अध्यक्ष मोहम्मद बाघेर कलीबाफले यदि इरानका पावर प्लान्ट र संरचना निशाना बनाइए, यसले सम्पूर्ण क्षेत्रका



ऊर्जा र पेयजल (डिजेलिनेसन) सुविधा प्रभावित हुने चेतावनी दिएका छन् ।

**इजरायल र इरानी हवाई आक्रमण**

इरानले आफ्नो मुख्य नाभिकीय समृद्धि केन्द्र नातान्जमाथि गरिएको आक्रमणको प्रतिकार स्वरूप नेगेभ मरुभूमिमा मिसाइल प्रहार गरेको छ । दक्षिण इजरायलको मुख्य अस्पतालले अराद र डिमोना शहरबाट कम्तीमा १७५ घाइते प्राप्त गरेको जनाएको छ । इजरायलको सुरक्षा बलले हिजोदेखि लेबननमा लक्ष्य सूचीमा पुलहरू समेत समावेश गरेका छन्, जसले शत्रु समूह हिजबुल्लाहको सेनालाई दक्षिणमा सर्न कठिन बनाउने छ । रासस

# २४ अर्ब ४९ करोड रुपैयाँ राजस्व सङ्कलन




**काठमाडौं ।**
बाग्मती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो आठ महिनामा वार्षिक लक्ष्यको ३६ दशमलव २९ प्रतिशत अर्थात् रु २४ अर्ब ४९ करोड दुई लाख ८७ हजार राजस्व सङ्कलन गरेको छ । घरजग्गा रजिष्ट्रेशन (मालपोत) र सवारीसाधन कर प्रदेश सरकारको राजस्व सङ्कलनको मुख्य आयस्रोत मानिन्छ ।

आर्थिक वर्ष २०८२/८३ को साउनदेखि फागुन सम्ममा रु ३० अर्ब ८९ करोड ११ लाख ८९ हजार राजस्व सङ्कलन हुने लक्ष्य राखिएको थियो । यो लक्ष्यको तुलनामा ४५ दशमलव १३ प्रतिशत अर्थात् रु १३ अर्ब ९३ करोड ९७ लाख १५ हजार राजस्व सङ्कलन भएको बाग्मती प्रदेश सरकारका आन्तरिक मामिला तथा योजना विकास मन्त्रालयका अधिकृत सुरज पौडेलले जानकारी दिए ।

उनका अनुसार चालु आव २०८२/८३ मा घरजग्गा रजिष्ट्रेसन शीर्षकबाट रु सात अर्ब ७० करोड राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा पहिलो आठ महिनामा रु दुई अर्ब ५६ करोड दुई लाख चार हजार राजस्व सङ्कलन भएको छ । यसैगरी, प्रदेश सरकारले सवारीसाधन जाँचपास, रुट पर्मिट, सवारीचालक अनुमतिपत्र वितरण तथा नवीकरणअन्तर्गत सवारी कर शीर्षकबाट आव २०८२/८३ मा रु आठ अर्ब २५ करोड अनुमान गरिएकामा रु चार अर्ब ४४ करोड ९३ लाख ४० हजार राजस्व सङ्कलन गरेको छ ।

यस्तै, प्रदेश सरकारले बाँडफाँडबाट प्राप्त हुने मूल्य अभिवृद्धि करबापत रु आठ अर्ब ७९ करोड ८६ लाख ६७ हजार प्राप्त हुने अनुमान गरिएकामा सो अवधिसम्ममा रु पाँच अर्ब चार करोड ६५ लाख १७ हजार सङ्कलन भएको छ भने अन्तःशुल्क करबापत रु चार अर्ब तीन करोड ७९ लाख नौ हजार प्राप्त हुने अनुमान गरिएकामा रु एक अर्ब ७५ करोड तीन लाख ३६ हजार प्राप्त भएको मन्त्रालयले जनाएको छ । त्यसैगरी, सङ्घीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानअन्तर्गत रु १४ अर्ब ८१ करोड ९३ लाख प्राप्त हुने अनुमान गरिएकामा आठ महिनाको अवधिमा त्यसको ५३ दशमलव ६० प्रतिशत अर्थात् रु सात अर्ब ९४ करोड २७ लाख ५६ हजार प्राप्त भएको अधिकृत पौडेलले बताए ।

यस्तै, चालु आव २०८२/८३ मा प्रदेश सरकारको आन्तरिक स्रोतबाट सङ्कलित राजस्वबाट रु चार अर्ब ७७ करोड ७४ लाख २५ हजार प्राप्त हुने अनुमान गरिएकामा आठ महिनाको अवधिमा लक्ष्यको ५२ दशमलव ३५ प्रतिशत अर्थात् रु दुई अर्ब ५० करोड १२ लाख १८ हजार प्राप्त भएको मन्त्रालयले जनाएको छ ।

आर्थिक तरलताका कारण घरजग्गा तथा नयाँ सवारीसाधन खरिद–बिक्री कारोबारमा आएको कमी, गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा प्रदेश सरकारको राजस्व सङ्कलन गर्ने विभिन्न निकायमा पुगेको क्षतिलगायतका कारणले अपेक्षाकृत राजस्व सङ्कलन हुन नसकेको उनको भनाइ छ । रासस

# युरोपेली सङ्घकी प्रमुख अष्ट्रेलियामा व्यापार सम्झौतामा जोड

**सिड्नी ।**
युरोपेली सङ्घकी प्रमुख उर्सुला फन डेर लेयन सोमबार अष्ट्रेलियामा पुगेकी छिन्, जहाँ वर्षौंदेखि वार्ता चलिरहेको स्वतन्त्र व्यापार सम्झौता टुंग्याउने आशा राखिएको छ । यो फन डेर लेयनको अष्ट्रेलियाको पहिलो यात्रा हो र यो यात्रा पश्चिम एसिया युद्धले उत्पन्न ऊर्जा असुरक्षाको पृष्ठभूमिमा भएको छ । उनी सोमबार सिड्नीमा अष्ट्रेलियाको राज्य प्रमुखसँग भेट गर्न र पारम्परिक स्वागत समारोहमा भाग लिन पुगेकी हुन्, त्यसपछि उनी क्यानबेरामा पुगेर प्रधानमन्त्रीसँग भेट्ने र संसदलाई सम्बोधन गर्ने अपेक्षा गरिएको छ ।

उनीसँगै युरोपेली सङ्घका व्यापार आयुक्त पनि छन्, जसले लामो समयदेखि प्रतिक्षित स्वतन्त्र व्यापार सम्झौतामा अन्ततः हस्ताक्षर हुनसक्छ भन्ने अड्कलबाजीलाई गति दिएको



छ । अष्ट्रेलियाले पहिले युरोपेली सवारी साधनमा लगाइएको विलासितापूर्ण कर हटाउन सकिने भनेको थियो । अष्ट्रेलियाको सबैभन्दा ठूलो निर्यात बजार चीन हो भने अमेरिकी लगानी सबैभन्दा ठूलो स्रोत हो । तर सन् २०२० मा बेइजिङसँगको विवाद र गत वर्षको अमेरिकी व्यापार करका कारण, क्यानबेराले कृषकहरूको लागि निर्यात बजार विविधिकरणमा जोड दिएको छ । युरोपेली सङ्घ अष्ट्रेलियाको तेस्रो ठूलो दुईतर्फी व्यापार साझेदार र विदेशी लगानीको दोस्रो ठूलो स्रोत हो । व्यापार मन्त्री डन फरेलले गत हप्ता युरोपेली सङ्घसँगको सम्झौताले पहिलो वर्षमा अष्ट्रेलियाको व्यापारमा १० अर्ब अष्ट्रेलियन डलर थप्ने बताएका छन् । यदि हामी यो सम्झौता टुंग्याउन सफल भयौं भने, उहाँहरू सम्भावित रूपमा हाम्रो दोस्रो ठूलो व्यापार साझेदार बन्न सक्दछन्,उनले भने बैठकमा मध्यपूर्वको युद्ध पनि मुख्य मुद्दा हुनेछ, जसले तेलको मूल्य बढाएको छ । क्यानबेरामा, अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका प्रमुख फतिह बिग्रोलले सोमबार यदि विवाद समाधान भएन भने विश्वले दशकौंमा नदेखेको ऊर्जा सङ्कटको सामना गर्न सक्ने बताए । विदेशी इन्धनमा भारी निर्भर अष्ट्रेलियाले पनि विश्वव्यापी ऊर्जा सङ्कटको दबाब महसुस गरेको छ । ऊर्जा मन्त्री क्रिस बोवेनले सोमबार केही पेट्रोल पम्पमा इन्धन सकिएको भए पनि देश हालको अवस्थामा वितरण सीमामा नभएको बताए । रासस

# फुटबल प्रतियोगिता स्थगित हुँदा क्लब जोखिममा



**काठमाडौं ।**
सङ्कटा फुटबल क्लबले राष्ट्रिय फुटबल प्रतियोगिता सञ्चालन गर्न माग गरेको छ । क्लबले सोमबार आयोजना गरेको पत्रकार सम्मेलनमा अध्यक्ष इद्रमान तुलाधरले अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले प्रतियोगिता स्थगित गर्दा लगानी जोखिममा परेको बताए ।

यही चैत ५ गते अध्यागमन विभागले श्रम स्वीकृति बिना विदेशी खेलाडीलाई सहभागी नगराउनु भन्दै एन्फालाई पत्र काटेपछि एन्फाले राजधानीमा चलिरहेको राष्ट्रिय पुरुष लिग र महिला फुटबल प्रतियोगिता अर्को सूचना जारी नगरुन्जेलसम्म स्थगित गरेको थियो । सङ्कटाले भने आफ्नो क्लबमा विदेशी खेलाडीहरूको श्रम स्वीकृति प्रक्रिया पूरा गरी एन्फलालाई बुझाएको अध्यक्ष तुलाधरको भनाइ छ ।

हालको आर्थिक भार, प्रतियोगिता अनिश्चित तथा व्यवस्थापनमा देखिएको चुनौतीले क्लबलाई प्रत्यक्ष असर परेको छ । त्यसैले सम्बन्धित निकाय तथा सरोकार पक्षले विशेष ध्यान दिन आवश्यक रहेको क्लबको भनाइ छ । प्रतियोगिता यथाशीघ्र सञ्चालन गर्न, विदेशी खेलाडीको श्रम स्वीकृति तत्काल प्रदान गर्न माग गरेको छ । रासस

# परम्परागत पहिरन लगाउने चलन लोप हुँदै



**कञ्चनपुर ।**
सुदूरपश्चिमका कैलाली र कञ्चनपुर जिल्लामा बसोबास गर्ने राना थारू समुदायका महिलाले प्रयोग गर्ने परम्परागत गहना र पहिरन लगाउने चलन घट्दै जान थालेको छ । आधुनिक गहना, बजारमा पाइने कपडा र जीवनशैलीमा आएको परिवर्तनका कारण परम्परागत पहिरन र गहनाको प्रयोग घट्दै गएको हो । शुक्लाफाँटा नगरपालिका–१२
कालागौँडीकी ६० वर्षीया सोमती रानाका अनुसार पहिले महिलाहरूले घरमै हातले बुनेका घघँरिया, अँगिया, फतुई, उढनिया लगायतका पहिरन लगाउने गर्थे । त्यसबेला महिलाले शिरदेखि पाउसम्म चाँदीका गहनाले सजिने चलन थियो । कपालमा चाँदीको चाँपी, कानमा वीर, नक्बेसर, नाकमा नथुनी, घाँटीमा चाँदीका पैसाले बेरेको कालो धागो, त्यसको तल कठुला, हसुला र सकरगरेला लगाउने चलन रहेको उनले बताइन् । “पाखुरामा लगौरा, नाडीमा पहुँची, औँलामा कलात्मक औँठी, कम्मरमा सिक्री भएको कैँधनी, पैतलामाथि ढुन्नी, त्यसको तल पैँडा र पायल लगाउने गरिन्थ्यो” उनले भनिन्, घाँटीमा कण्ठ, गरिया र घिच्ची लगाउने प्रचलन पनि रहेको थियो ।
परम्परागत पहिरन र गहना लगाएकी महिलालाई पहिले समाजमा सम्मानका साथ हेर्ने गरिन्थ्यो । टाउकामा उढनिया, गलामा हार र कण्ठसिरीमाला, छातीमा फतुई, कम्मरमा घघँरिया र खुट्टामा पैँडा लगाएकी महिलालाई सभ्य, संस्कारयुक्त र प्रतिष्ठित महिलाका रूपमा लिने गरिन्थ्यो, चन्द्रमती रानाले भनिन् ।
अहिले परम्परागत गहना थोरै महिलासँग मात्र बाँकी छन्” उनले भनिन्, धेरै महिलाले आधुनिक डिजाइनका सुन तथा कृत्रिम गहना प्रयोग गर्न थालेपछि पुराना गहनाको प्रयोग घट्दै गएको छ, परम्परागत गहना बनाउने सीप भएका कारीगर पनि अहिले पाउन मुस्किल भएकाले परम्परागत गहना हराउँदै गएका छन् ।
फुलमती रानाका अनुसार पहिले पुरुष र महिलाको पहिरन स्पष्ट रूपमा परम्परागत थियो । अहिले पुरुषले पुरानो पहिरन लगाउन छाडिसकेका छन् भने महिलाको पहिरनमा पनि आधुनिकताको प्रभाव देखिन थालेको छ । परम्परागत पहिरन जोगाउने प्रयास भए पनि पहिले जस्तो पूर्ण रूपमा परम्परागत पहिरन लगाउने चलन भने घट्दै गएको उनले बताइन् ।
राना थारू समुदायमा प्रयोग हुने धेरै गहना चाँदीका हुने गर्थे उनले भनिन्, ती गहना केवल सौन्दर्यका लागि मात्र नभइ सामाजिक प्रतिष्ठा, आर्थिक अवस्था र सांस्कृतिक पहिचानसँग पनि जोडिएका थिए, विवाह, पर्व, पूजा, नाचगान तथा विशेष अवसरमा महिलाले अनिवार्य रूपमा ती गहना र परम्परागत पहिरन लगाउने गर्थे ।
उनका अनुसार पहिले घरमै कपडा र धागो तयार गरी पहिरन बनाउने चलन थियो । महिलाहरू आफैँले पहिरन तयार गर्ने गर्थे । अहिले बजारमा पाइने कपडा प्रयोग गर्न थालिएपछि घरमा कपडा तयार गर्ने परम्परा पनि हराउँदै गएको छ । यससँगै परम्परागत पहिरन पनि विस्तारै हराउँदै गएको स्थानीय बुढापाकाको भनाइ छ ।
परम्परागत गहना बनाउने कालिगढको सङ्ख्या घट्नु पनि अर्को कारण रहेको बताइएको छ ।
“पहिले गाउँमै गहना बनाउने सुनचाँदीका कारीगर हुन्थे, अहिले त्यस्ता कालिगढ पाउन गाह्रो भएको छ” रानाथारु अगुवा रामशाह रानाले भने, नयाँ पुस्ताले परम्परागत गहना बनाउन सिक्न नचाहँदा यो सीप पनि लोप हुने अवस्थामा पुगेको छ । उनका अनुसार परम्परागत गहना र पहिरन केवल कपडा वा आभूषण मात्र नभइ राना थारू समुदायको इतिहास, संस्कृति, पहिचान र जीवनशैलीसँग जोडिएको सम्पदा हो । त्यसैले यसको संरक्षण आवश्यक रहेको उनले बताए । अहिले केही स्थानमा सांस्कृतिक कार्यक्रम, विवाह र विशेष अवसरमा मात्र परम्परागत पहिरन लगाउने गरिन्छ, भने दैनिक जीवनमा आधुनिक पहिरन प्रयोग हुने गरेको छ । यसले गर्दा नयाँ पुस्ताले पुराना पहिरन र गहनाको नामसमेत नजान्ने अवस्था आउँन थालेकोप्रति उनले चिन्ता प्रकट गरे । परम्परागत गहना र पहिरनको संरक्षणका लागि स्थानीय तह, समुदाय र सरोकारवाला निकायले पहल गर्न आवश्यक छ । परम्परागत गहना बनाउने कालिगढलाई प्रोत्साहन, सीप हस्तान्तरण, सांस्कृतिक कार्यक्रम आयोजना तथा सङ्ग्रहालय स्थापना जस्ता कार्य गर्न सके परम्परागत पहिरन र गहना जोगाउन सकिने शुक्लाफाँटा नगरपालिका १२ का वडाध्यक्ष नवलसिंह राना बताउछन् ।
राना थारू समुदायका परम्परागत गहना र पहिरन केवल सौन्दर्यको साधन मात्र नभइ सांस्कृतिक पहिचानको महत्वपूर्ण प्रतीकका रुपमा रहेका छन उनले भने, यसको संरक्षण र पुस्तान्तरण आजको आवश्यकता हो, समयमै संरक्षण गर्न सकिएन भने राना थारू समुदायका परम्परागत गहना र पहिरन इतिहासका पानामा मात्र सीमित हुने खतरा बढ्दै गएको छ । रासस

# नेपाली नागरिकका लागि विमानस्थलमा अलग्गै डेस्क




**काठमाडौँ ।**
विश्वमा छरिएर रहेका नेपाली मूलका नागरिक एवम् गैर आवासीय नेपालीका लागि त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको आगमन तथा प्रस्थान कक्षमा अलग्गै डेस्क राखिने भएको छ । विश्वका विभिन्न मुलुकमा छरिएर रहेका गैर आवासीय नेपाली (एनआरएनए) र नेपाली मूलका विदेशी नागरिकहरुको नेपाली भाषा संस्कृति र नेपाली माटोप्रतिको आत्मियतालाई प्रगाढ बनाउन र नेपालमा पर्यटन एवम् लगानी प्रवद्र्धन गर्न यस्तो निर्णय गरिएको अध्यागमन विभागले जनाएको छ ।
विभागले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल कार्यालयलाई विमानस्थलको आगमन र प्रस्थान कक्षमा अलग्गै डेस्कको व्यवस्थापन गर्न आइतबार पत्राचार गरेको छ ।
विश्वमा रहेका नेपाली मूलका नेपालीहरुको संस्था एसोसिएसन अफ नेपाली ओरिजिन (एएनओ) ले यसका लागि निकै लामो समयदेखि नेपाल सरकारको ध्यानाकर्षण गराउँदै र माग गर्दै आएको थियो । गृह प्रशासनले आइतबार यो निर्णय गरेपछि संस्थाले स्वागत गरेको छ । एएनओका अध्यक्ष डिल्ली अधिकारीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, ‘गृह मन्त्रालयको यो निर्णयले विश्वभर रहेका नेपाली मूलका नागरिकहरुले आफूहरु सम्मानित भएको महसुस गरेका छन् ।
यो निर्णयको कार्यान्वयनले नेपाली मन र नेपाली पनलाई नेपालसँग जोड्न ठूलो योगदान पुर्याउने विश्वास लिएका छौँ ।’रासस

# चैत १५ भित्र योजना तथा कार्यक्रम पठाइसक्नुपर्ने

**काठमाडौं ।**
सबै विषयगत मन्त्रालयले यही चैत १५ गतेभित्र आफ्ना योजना तथा कार्यक्रम प्रस्ताव गरिसक्नुपर्ने गरी आगामी आर्थिक वर्ष २०८३/ ८४ को बजेट तर्जुमा कार्यतालिका (बजेट क्यालेन्डर) तयार भएको छ । प्रतिनिधिसभा सदस्य निर्वाचनपछि नयाँ सरकार गठन भइनसकेको अवस्थामा बजेट क्यालेन्डरअनुसार भने चैत १५ भित्र सबै मन्त्रालयले आगामी आवको बजेटमा राख्नुपर्ने योजना तथा कार्यक्रम अनिवार्य रूपमा मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआइएस)मा राखिसक्नु पर्नेछ । अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयले सबै मन्त्रालयलाई आगामी आर्थिक वर्षको बजेट सीमा (सिलिङ) उपलब्ध गराई सोहीअनुसार चैत १५ भित्र आफ्ना योजना तथा कार्यक्रम एलएमबिआइएसमा प्रविष्ट गरिसक्न भनिएको जानकारी दिएका छन् । यद्यपि, नयाँ बन्न लागेको सरकारले कस्तो नीति तथा कार्यक्रमसहित बजेट ल्याउँछ भन्ने स्पष्ट नभइसकेको अवस्थामा बजेट निर्माणको प्रक्रिया अगाडि बढाउनुपरेको उनको भनाइ छ ।
बजेट आर्थिक विषयमात्र नभई राजनीतिक नीतिसँग जोडिएको विषय पनि हो । नयाँ बन्ने सरकारले कस्तो नीति तथा कार्यक्रम बनाउँछ, चुनावी घोषणापत्रमा राखिएका विषयहरू बजेटमा कसरी सम्बोधन हुन्छन् भन्नेलगायत पक्षलाई हेरेर आगामी आर्थिक वर्षका योजना तथा कार्यक्रम तय गर्नुपर्ने हुन्छ, उनले भने ।
आगामी आवका लागि सरकारले लिने कर नीतिबारे हाल राजस्व परामर्श समिति गठन भई अध्ययनको काम भइरहेको र आर्थिक सर्वेक्षण तथा सार्वजनिक संस्थानहरूको प्रगति विवरण (पहेँलो किताब) तयार पार्ने काम पनि भइरहेको प्रवक्ता पाण्डेयले जानकारी दिएका छन् ।
आगामी आव २०८३/८४ को बजेट बनाउने काम भने गत पुसबाटै सुरु भइसकेको छ । अर्थ मन्त्रालयले तयार पारेको बजेट तर्जुमासम्बन्धी
कार्यतालिकाअनुसार राष्ट्रिय स्रोत अनुमान समितिले आगामी तीन वर्षका लागि उपलब्ध स्रोत र खर्च गर्न सकिने सीमाको पूर्वानुमान (बजेट सिलिङ) तयार पारी अर्थ मन्त्रालयलाई बुझाइसकेको छ भने अर्थ मन्त्रालयले पनि सबै विषयगत मन्त्रालयलाई बजेट सिलिङ पठाइसकेको छ । आगामी आवका लागि करिब रु १८ खर्ब ९० अर्ब हाराहारीको बजेट ल्याउन सकिने गरी सिलिङ तयार पारिएको राष्ट्रिय योजना आयोगले जनाएको छ ।
नयाँ सरकार गठनमा ढिलाइ हुँदा बजेटमा समावेश गर्नुपर्ने नीति, कार्यक्रम र अपेक्षित उपलब्धिसहितका सूचकहरू तयार पार्ने काम भने प्रभावित भएको छ । राजनीतिक अस्थिरताका कारण तोकिएको समयमा बजेट बनाउन नसक्ने अवस्था बारम्बार सृजना भएपछि जेठ १५ मा अनिवार्य रूपमा सदनमा बजेट पेस गर्नुपर्ने कानुनी व्यवस्था बनाइएको छ । बजेट निर्माण प्रक्रिया भने हरेक वर्षजस्तो प्रभावित हुँदा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावली पटक–पटक संशोधन गर्नुपर्ने अवस्था आउने गरेको थियो । यस वर्ष पनि उक्त ऐन तथा नियमावलीले तोकेको बजेट निर्माण तालिका प्रभावित हुने देखिएको छ ।
यस वर्षको बजेट तर्जुमासम्बन्धी कार्यतालिकाअनुसार चैत महिनादेखि बजेट निर्माण प्रक्रिया तीव्र रूपमा अघि बढ्नुपर्ने हो । चैत १ देखि २० गतेसम्म मन्त्रालयहरूबाट आएका प्रस्तावमाथि बजेट तथा कार्यक्रम महाशाखाले विस्तृत छलफल गर्ने तथा चैत १५ देखि वैशाख १० गतेसम्म सार्वजनिक सूचना जारी गरी नागरिक, विज्ञ र सरोकार भएकाहरूबाट सुझाव सङ्कलन गरिसक्नेगरी कार्यतालिका तय भएको छ । यस्तै, चैत १५ गतेभित्र सबै विषयगत मन्त्रालयहरूले एलएमबिआइएस प्रणालीमार्फत बजेट प्रस्ताव पेस गरिसक्नुपर्ने कार्यतालिका छ ।
यस्तै, चैत २१ देखि २३ गतेसम्म अर्थमन्त्री, सम्बन्धित मन्त्रीहरू र सचिवहरूसँग बजेटका मुख्य कार्यक्रम र सिद्धान्तबारे छलफलका लागि कार्यसूची तयार भएको छ । यसैगरी, चैत २६ देखि २८ गतेसम्म सांसदहरूसँग प्रदेशगत रूपमा बजेटका उद्देश्य, प्राथमिकता र कार्यक्रमबारे छलफल गरिनेछ । अन्तरसरकारी वित्त परिषद्को बैठकसमेत यही अवधिमा बस्नेछ । चैत अन्तिम सातादेखि वैशाख मध्यसम्म प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयहरूसँग सशर्त अनुदानलगायत विषयमा छलफल गर्ने कार्यसूची छ ।
वैशाख महिनामा बजेटको प्राविधिक तथा नीतिगत तयारी तीव्र हुनेछ । यस अवधिमा विदेशी सहायता, ऋण तथा अन्तरराष्ट्रिय स्रोतको एकिन गरिनेछ । साथै राजनीतिक दलका प्रतिनिधि, पूर्वअर्थमन्त्री, पूर्वगभर्नर, अर्थशास्त्री तथा विज्ञहरूबाट सुझाव सङ्कलन गरिनेछ । वैशाख २५ गतेसम्म विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताको मस्यौदा तयार गरिनेछ भने आर्थिक सर्वेक्षणलाई अन्तिम रूप दिई प्रकाशनका लागि पठाइनेछ । यसैगरी मन्त्रालयगत र सार्वजनिक संस्थानहरूको प्रगति विवरण पनि छपाइका लागि वैशाख २० भित्र पठाइ सक्नुपर्नेछ । जेठ महिनामा बजेटलाई अन्तिम रूप दिने प्रक्रिया अघि बढ्नेछ । सदनमा बजेट पेस हुनुभन्दा कम्तीमा १५ दिनअगावै विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता संसद्मा प्रस्तुत भइसक्नुपर्नेछ । जेठ ६ गतेसम्म व्यय अनुमानको प्रारम्भिक मस्यौदा तयार हुनेछ भने राष्ट्रपतिसमक्ष बजेट ब्रिफिङका लागि मस्यौदा तयार पारिसक्नुपर्ने कार्यतालिका छ । यस्तै, जेठ १० गतेसम्म खर्च शीर्षकगत विवरणसहित अन्तिम मस्यौदा तयार गरी राष्ट्रपतिसमक्ष पेस गरिसक्नुपर्ने छ । यसपछि अर्थमन्त्रीले राष्ट्रपतिसमक्ष बजेटसम्बन्धी ब्रिफिङ गर्नेछन् । जेठ १२ देखि १३ गतेसम्म आर्थिक विधेयक, विनियोजन विधेयक र बजेट वक्तव्यलाई अन्तिम रूप दिइनेछ । अन्ततः जेठ १४ गते सङ्घीय संसद्का दुवै सदनमा आर्थिक सर्वेक्षण, संस्थानहरूको प्रगति विवरण र मन्त्रालयगत प्रगति प्रतिवेदन पेस गरिनेछ । सोही दिन बजेट वक्तव्य, आर्थिक विधेयक, विनियोजन विधेयक, राष्ट्र ऋण उठाउने विधेयक र ऋण तथा जमानत विधेयक छपाइको काम हुनेछ । संवैधानिक व्यवस्थाअनुसार जेठ १५ गते सङ्घीय संसद्को संयुक्त बैठकमा बजेट प्रस्तुत हुनेछ । रासस

# ‘राइड सेयरिङ’का एक सय ७५ चालकलाई कारबाही



**काठमाडौँ ।**
काठमाडौं उपत्यकामा बढ्दो ट्राफिक चाप, अव्यवस्थित सवारी सञ्चालन तथा नियम उल्लङ्घन नियन्त्रण गर्ने उद्देश्यले ट्राफिक प्रहरीले सञ्चालन गरेको विशेष ‘चेकिङ’ अभियानअन्तर्गत राइड सेयरिङ सेवामा संलग्न १७५ जना चालक कारबाहीमा परेका छन् । उपत्यकाका विभिन्न व्यस्त क्षेत्रमा गरिएको अनुगमनका क्रममा ती चालकले प्रचलित कानुन विपरीत सवारी सञ्चालन गरेको पाइएपछि कारबाही गरिएको उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।
पछिल्लो समय उपत्यकामा राइड सेयरिङ सेवाको प्रयोग तीव्र रूपमा बढ्दै गएको छ । यससँगै अनधिकृत रूपमा सेवा सञ्चालन गर्ने, मापदण्ड पूरा नगरी यात्रु ओसारपसार गर्ने तथा ट्राफिक नियमको बेवास्ता गर्ने प्रवृत्ति पनि बढेको देखिएकाले सो अवस्थालाई नियन्त्रण गर्न लक्षित गर्दै विशेष चेकिङ अभियान सञ्चालन गरिएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए ।
उनका अनुसार कारबाहीमा परेका अधिकांश चालकले अनलाइन प्लेटफर्मको अनुमति बिना अफलाइन रूपमा सेवा सञ्चालन गरिरहेका थिए । साथै, जथाभावी स्थानमा यात्रु चढाउने र झार्ने (पिक एन्ड ड्रप), सवारीसाधनको प्राविधिक अवस्था कमजोर हुनु, आवश्यक कागजात नहुनु तथा ट्राफिक नियम उल्लङ्घन गर्ने गतिविधि पनि भेटिएको छ ।
उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले राइड सेयरिङ सेवा सञ्चालनका लागि सम्बन्धित निकायबाट अनुमति लिनु, सवारीसाधनको नियमित मर्मतसम्भार गर्नु, चालकले आवश्यक कागजात बोकेको हुनु तथा तोकिएका नियमको पालना गर्नु अनिवार्य रहेको बताए ।
धेरै चालकहरूले आधारभूत मापदण्डको बेवास्ता गर्ने गरेको पाइएपछि कारबाही प्रक्रिया अघि बढाइएको हो, उनले भने ।
विशेषगरी व्यस्त चोक, अस्पताल क्षेत्र, विद्यालय आसपास तथा मुख्य सडकमा जथाभावी रोकिएर यात्रु ओसारपसार गर्दा यातायात अवरोध हुनुका साथै दुर्घटनाको जोखिम पनि बढ्ने भएकाले यसप्रति कडाइ गरिएको प्रहरीले जनाएको छ । आगामी दिनमा पनि यस्ता अनुगमन अभियानलाई अझ प्रभावकारी बनाइने र नियम उल्लङ्घन गर्ने जो–कोहीलाई कारबाही गरिने अधिकारीले स्पष्ट पारे ।
साथै, सर्वसाधारणलाई सुरक्षित र कानुनी रूपमा सञ्चालन भएका सेवामात्र प्रयोग गर्न आग्रह गरिएको छ । ट्राफिक प्रहरीले सवारी व्यवस्थापनलाई थप व्यवस्थित, सुरक्षित र प्रविधिमैत्री बनाउने लक्ष्यसहित अभियानलाई निरन्तरता दिने जनाएको छ । साथै, राइड सेयरिङ कम्पनीहरूलाई पनि आफ्ना चालकको अनुगमन कडाइ गर्न तथा नियम पालना सुनिश्चित गर्न आग्रह गरिएको छ । यसैबीच, काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले वैदेशिक रोजगारीको बहानामा लाखौँ रुपैयाँ ठगी गर्ने पाँच जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ ।
पक्राउ पर्नेमा बर्दिया बाँसगढी नगरपालिका–८ का ३६ वर्षीय अर्जुनबहादुर पौडेल, सर्लाही बरहथवा नगरपालिका–२ का ४६ वर्षीय डिल्लीराम भुजेल, काठमाडौँ
महानगरपालिका–१६ की ४३ वर्षीया उमा गुरुङ, कास्की पोखरा महानगरपालिका–३३ का ३३ वर्षीय आशिष महत र रामेछाप लिखु तामाकोशी गाउँपालिका–३ की ३५ वर्षीया सङ्गीता श्रेष्ठ रहेका छन् ।
काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक मनोहरप्रसाद भट्टका अनुसार पौडेलले क्रोएसिया पठाउने भन्दै रु ३ लाख ३० हजार, भुजेलले माल्दिभ्स पठाउने भन्दै रु २ लाख ९९ हजार, गुरुङ र महतले बेलायत पठाउने भन्दै जनही रु २ लाख तथा श्रेष्ठले पोर्चुगल पठाउने भन्दै रु ३ लाख ६८ हजार ठगी गरेका थिए । उनीहरूलाई काठमाडौँका विभिन्न स्थानबाट पक्राउ गरी थप अनुसन्धानका लागि वैदेशिक रोजगार विभाग, ताहाचल पठाइएको प्रहरीले जनाएको छ । रासस

# फुटपाथ अतिक्रमण हटाउने अभियान जारी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा लामो समयदेखि जारी फुटपाथ अतिक्रमणविरुद्ध मधेश प्रदेश सरकारले कडा कदम चाल्दै प्रमुख बजार क्षेत्रहरू खाली गराएको छ । सडकपेटी व्यवसाय हटाइएपछि नगर क्षेत्र केही हदसम्म व्यवस्थित देखिन थालेको छ ।

मधेश प्रदेशका गृहमन्त्री फकिरा महतोको नेतृत्वमा सञ्चालन गरिएको अभियानअन्तर्गत रामानन्द चोक, प्रादेशिक अस्पताल जाने सडक, जानकी मन्दिर आसपास, राम मन्दिर क्षेत्र तथा जनक चोकलगायत स्थानका फुटपाथ खाली गराइएको हो ।

अभियानका क्रममा मन्त्री महतोले धार्मिक तथा सांस्कृतिक दृष्टिले संवेदनशील क्षेत्रहरूमा अव्यवस्थित व्यापार सञ्चालनले नगरको सौन्दर्य मात्र नभई आम नागरिकको दैनिक जीवनसमेत प्रभावित भएको बताए । उनले फुटपाथ पुनः कब्जा गर्ने प्रयास गरेमा कडा कानूनी कारबाही गरिने चेतावनी दिए ।

यसअघि जनकपुरधाम उपमहानगरपालिकाले पटकपटक सूचना जारी गर्दै फुटपाथ खाली गर्न आग्रह गरे पनि व्यवसायीहरूले अटेर गर्दै आएका थिए । त्यसपछि प्रदेश सरकार स्वयं सक्रिय भएर संयुक्त रूपमा अनुगमन तथा कार्यान्वयन थालेको हो ।

अभियानमा जनकपुरधाम उद्योग वाणिज्य संघ र जनकपुरधाम चेम्बर अफ कमर्सलगायत व्यावसायिक संस्थाहरूको पनि समर्थन रहेको जनाइएको छ । स्थानीयवासीहरूले लामो समयपछि सडकपेटी खाली भएपछि हिँडडुल गर्न सहज भएको बताएका छन् । यद्यपि, केही साना व्यवसायीहरूले वैकल्पिक व्यवस्थाको माग गर्दै आफ्ना समस्या समाधानतर्फ सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रदेश सरकारले शहरलाई व्यवस्थित, स्वच्छ र सुरक्षित बनाउन यस्ता अभियान निरन्तर सञ्चालन गरिने जनाएको छ ।

# सापटी रकम विवादले उग्र रूप लिँदा रौतहटमा आमा–छोरीमाथि निर्घात कुटपिट



**मधेशदृष्टि**
**रौतहट ।**
सापटी दिएको पैसा फिर्ता माग्दा रौतहटको कटहरिया नगरपालिका क्षेत्रमा आमा–छोरीमाथि निर्घात कुटपिट भएको घटना सार्वजनिक भएको छ ।

कटहरिया–८, पिप्रापोखरिया निवासी ४५ वर्षीया भागमणी देवीमाथि उनका देवर नाता पर्ने ३५ वर्षीय छोटेलाल यादवले आक्रमण गरेका हुन् । पीडितका अनुसार छोटेलालले केही महिनाअघि भागमणीसँग सापटी स्वरूप १ लाख २० हजार रुपैयाँ लिएका थिए ।

आइतबार एक व्यक्तिले छोटेलाललाई दिनुपर्ने १० हजार रुपैयाँ भागमणीको ई–सेवामा पठाएपछि सोही रकम लिन छोटेलाल भागमणीको घर पुगेका थिए । तर भागमणीले आफूले पाउनुपर्ने रकम कटाएर बाँकी १ लाख १० हजार रुपैयाँ दिन आग्रह गरेपछि विवाद चर्किएको थियो ।

विवादकै क्रममा छोटेलालले बाँसको लाठी प्रहार गर्दै भागमणी र उनकी १० वर्षीया छोरी रबिता कुमारीमाथि निर्घात कुटपिट गरेको पीडित परिवारका सदस्य झगरु यादवले पत्रकार सम्मेलनमार्फत जानकारी दिए ।

कुटपिटबाट बालिका रबिताको देब्रे हात भाँचिएको छ भने भागमणी देवीको देब्रे हातमा गम्भीर चोट लागेको छ । साथै उनको पिठ्यु, तिघ्रा लगायत शरीरका विभिन्न भागमा निलडाम देखिएको छ । आरोपी छोटेलालले भागमणीको भैंसी र बाख्रालाई समेत कुटपिट गरी मरणासन्न बनाएको आरोपसमेत लगाइएको छ । घटनापछि झगरु यादव आइतबार नै फतुवा हर्षाहाबाट पोखरिया पुगेर घाइते भएकी छोरी र नातिनीलाई कटहरिया बजारस्थित एक निजी अस्पतालमा उपचारका लागि लगेका थिए । पत्रकार सम्मेलनमा पीडित भागमणी देवीले गाउँकै एक जना जनप्रतिनिधिले आफ्नो श्रीमान रोहित यादवलाई उजुरी नगर्न दबाब दिँदै 'गाउँमै मिलाइदिन्छु' भन्दै धम्की दिएको गुनासो गरिन् । उनले छोटेलालबाट यसअघि पनि पटक–पटक कुटपिट हुँदै आएको तर जनप्रतिनिधिको दबाबका कारण न्याय पाउन नसकेको बताइन् ।

यसपटक भने न्यायका लागि पहल गरिदिन पीडित परिवारले सञ्चारकर्मीसँग आग्रह गरेका छन् ।

इलाका प्रहरी कार्यालय कटहरियाका प्रमुख एवं सई धर्मेन्द्र पौडेलले घटनाको पुष्टि गर्दै आवश्यक अनुसन्धान भइरहेको जानकारी दिएका छन् ।

# वर्षाका कारण रौतहटका इट्टा उद्योगमा ४ करोडको क्षति

**मधेशदृष्टि**
**रौतहट ।**
शुक्रबार र शनिबार परेको भीषण हावाहुरीसहितको अविरल वर्षाका कारण रौतहटका इट्टा उद्योगहरूमा करिब चार करोड रुपैयाँ बराबरको क्षति भएको छ ।

रौतहट इट्टा उद्योग व्यवसायी संघका अध्यक्ष तथा गरुडा नगरपालिका–५,

महम्मदपुरस्थित एसपिएल इट्टा उद्योगका सञ्चालक रामबिनोद साहका अनुसार जिल्लाभर सञ्चालनमा रहेका करिब ५० वटा इट्टा उद्योगमा ठूलो परिमाणमा नोक्सानी पुगेको हो । सङ्घले सङ्कलन गरेको प्रारम्भिक तथ्याङ्कअनुसार विभिन्न उद्योगमा सुकाउने क्रममा रहेका करिब १० लाखभन्दा बढी काँचो इट्टा नष्ट भएका छन् । प्रतिईट्टा औसत लागत सात रुपैयाँभन्दा बढी पर्ने भएकाले कुल क्षति करिब चार करोड रुपैयाँ पुगेको अनुमान गरिएको छ ।



हावाहुरी र वर्षाका कारण बिके, बीर, पूजा, एमबिआई, सोना, रामजानकीलगायतका उद्योगहरूमा बढी क्षति पुगेको अध्यक्ष साहले बताए । खुला स्थानमा सुकाउन राखिएका काँचो इट्टा मुसलधारे वर्षा र तेज हावाहुरीका कारण गल्दै प्रयोग अयोग्य बनेको उनले जानकारी दिए । यसैबीच, वृन्दावन नगरपालिका–२ स्थित राधाकृष्ण इट्टा उद्योगका सञ्चालक प्रेमशंकर यादवले आफ्नो उद्योगमा मात्र करिब ५५ लाख रुपैयाँ बराबरको काँचो इट्टा नष्ट भएको जानकारी दिए ।

'हामीजस्ता साना उद्योगीहरू प्रायः बैङ्क ऋणमा निर्भर छौँ । यस्ता विपत्तिका बेला राहत वा सहुलियतको कुनै व्यवस्था छैन,' उनले गुनासो गरे ।

उद्योगीहरूले काँचो इट्टाको बीमा प्रणाली नहुँदा प्राकृतिक प्रकोपबाट हुने क्षतिमा कुनै राहत नपाएको बताएका छन् । संघका अध्यक्ष साहले लगानी डुब्ने अवस्थामा पुग्दा पनि सरकार, स्थानीय प्रशासन तथा वित्तीय निकायबाट अपेक्षित चासो नदेखिएको बताए ।

एक काँचो इट्टा उत्पादन गर्न माटो, पानी, मजदुरीलगायतका खर्च जोड्दा औसतमा सात रुपैयाँभन्दा बढी लागत लाग्ने भए पनि सुकाउने प्रक्रिया पूरा हुनुअघि नै वर्षाले इट्टा नष्ट गरेको उद्योगीहरूको भनाइ छ ।

उद्योगीहरूले सरकार, उद्योग मन्त्रालय, विपद् व्यवस्थापन निकाय तथा बीमा कम्पनीहरूलाई क्षतिको यथार्थ मूल्याङ्कन गरी राहत तथा बीमा प्रणाली कार्यान्वयनका लागि तत्काल पहल गर्न माग गरेका छन् ।

# १४ वर्षीया दलित बालिका बेपत्ता, 'संरक्षक'सहित चार जनामाथि करणीको आरोप

**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीको सुरुंगा नगरपालिका–३ लक्ष्मीपुरकी १४ वर्षीया दलित बालिका बेपत्ता भएको घटना रहस्यमय बनेको छ । बालिका ७ महिनाकी गर्भवती रहेको दाबी गर्दै आफन्तले 'संरक्षक'कै रूपमा रहेका व्यक्तिसहित चारजनाविरुद्ध जबर्जस्ती करणीको आरोप लगाउँदै प्रहरीमा उजुरी दिएका छन् । गत सातादेखि सम्पर्कविहीन भएकी बालिकाको खोजीका लागि प्रहरीले तीव्रता दिएको जनाएको छ ।

आफन्तका अनुसार सानै उमेरमा आमाबुवा गुमाएकी उनलाई स्थानीय महेश्वर यादवले पालनपोषण गर्ने भन्दै करिब एक दशकअघि आफ्नो घरमा राखेका थिए । तर, उनलाई विद्यालय नपठाई घरेलु काममा लगाइएको र यसबीचमा यौन शोषण गरी गर्भवती बनाइएको आरोप उजुरीमा उल्लेख गरिएको छ ।

बालिकाकी भाउजुले दिएको जाहेरीमा महेश्वर यादव, उनका छोरा कुन्दन यादव, वडा सदस्य बद्री यादव र स्थानीय धर्मदेव यादवमाथि अनुसन्धान गरी कारबाही गर्न माग गरिएको छ । घटनापछि बालिका कहाँ छन् भन्नेबारे स्पष्ट जानकारी नभएको प्रहरीले जनाएको छ । प्रारम्भिक रूपमा उनलाई वडा नं. ४ कनकपुर मुसहरी टोल बस्ने दिदीले लगेका भनिए पनि त्यहाँ पनि नभेटिएको र आरोपितहरू समेत फरार रहेकाले घटना थप जटिल बनेको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डम्बरबहादुर पुरीका अनुसार बालिका बेपत्ता र जबर्जस्ती करणीसम्बन्धी उजुरी दर्ता भइसकेको छ ।

उनले भने, 'बालिकाको अवस्थाबारे यकिन हुन सकेको छैन । खोजतलास तीव्र पारिएको छ । फेला परेपछि मात्रै वास्तविकता बाहिर आउनेछ ।'

प्रहरीका अनुसार बालिका भेटिएपछि स्वास्थ्य परीक्षणमार्फत गर्भावस्था पुष्टि गरिने र त्यसपछि घटनाको प्रकृति अनुसार थप अनुसन्धान अघि बढाइनेछ । उता, स्थानीय जनप्रतिनिधिहरूले घटनाको निष्पक्ष छानबिनको माग गरेका छन् । सुरुंगा–३ का वडाध्यक्ष किरणकुमार पोखरेलले दोषीलाई कानूनी दायरामा ल्याउनुपर्नेमा जोड दिँदै निर्दोषलाई फसाउन नहुने बताएका छन् ।

बालिकाका दिदीहरू समेत सम्पर्कविहीन रहेकाले उनीहरूको खोजी पनि भइरहेको प्रहरीले जनाएको छ । घटना संवेदनशील र गम्भीर प्रकृतिको भएकाले सबै पक्षको खोजी तथा अनुसन्धान जारी रहेको प्रहरीको भनाइ छ ।

# हनुमान जयन्तीमा सार्वजनिक बिदा दिन माग

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
हनुमान जयन्तीका अवसरमा मधेश प्रदेशभर सार्वजनिक बिदा दिन माग गरिएको छ ।

गौ संरक्षण मंच नेपालले मधेशको गृह संचार तथा कानून मन्त्रालयलाई एक ज्ञापन–पत्र बुझाउँदै हनुमान जयन्ती हिन्दु धर्मावलम्बीहरूको महत्वपूर्ण धार्मिक पर्व भएकाले यस दिन सार्वजनिक बिदाको माग गरेको हो । भगवान हनुमानको जयन्ती प्रत्येक वर्ष चैत्र शुक्ल पूर्णिमाका दिन मनाइने उल्लेख गरिएको छ ।

सो अवसरमा देशभर विशेष पूजा–अर्चना, दीप प्रज्वलन तथा शोभायात्रा निकाल्ने परम्परा रहेको पनि जनाइएको छ ।

भक्तजनहरूले विगतदेखि नै उक्त दिन नगर परिक्रमा तथा विभिन्न धार्मिक कार्यक्रमहरू सञ्चालन हुँदै आए पनि प्रदेश सरकारले हालसम्म सार्वजनिक बिदा नदिएकोप्रति असन्तुष्टि समेत व्यक्त गरिएको छ ।

ज्ञापन–पत्रमार्फत गृहमन्त्रीसहित प्रदेश सरकारका सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउँदै धार्मिक आस्था र परम्पराको सम्मान गर्न आवश्यक कदम चाल्न आग्रह गरिएको छ ।

# चैत १५ गते मधेश प्रदेश सभा बैठक बस्दै



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभाको बैठक १५ गते बस्ने भएको छ । मधेश प्रदेशका सभामुख रामअशिष यादवको अध्यक्षतामा प्रदेश सभा सचिवालयमा सोमबार बसेको सर्वदलीय बैठकले प्रदेश सभाको छैटौँ अधिवेशनको १४ औँ बैठक चैत्र १५ गते आइतबार बस्ने निर्णय गरेको हो ।

प्रदेश सभाको बैठकमा पेश गर्ने विभिन्न विषयहरूमा सर्वदलीय बैठकमा छलफल भएको छ । मधेश प्रदेश सभाको बैठकमा प्रदेश सभा सचिवालयमा दर्ता भएका मधेश प्रदेश सभा कार्यसञ्चालन नियमावली २०८२ को मस्यौदा समितिको प्रतिवेदन छलफलका लागि पेश गर्ने निर्णय भएको छ ।

यसका साथै विषयगत समितिको वार्षिक प्रतिवेदन, प्रदेश लोक सेवा आयोगको छैटौँ वार्षिक प्रतिवेदन र गाउँसभा, नगरसभा, जिल्ला सभा कार्यसञ्चालन कार्यविधि ऐन २०७७ संशोधन गर्ने विषयमा छलफल गर्ने निर्णय सर्वदलीय बैठकले गरेको मधेश प्रदेश सभाका सभामुख रामअशिष यादवले जानकारी दिए । प्रदेश सभाको बैठकमा प्रदेश नीति आयोग गठन तथा कार्यसञ्चालन ऐन २०७२ संशोधन गर्न बनेको विधेयक माथिको छलफल सम्बन्धि प्रस्ताव पेश गरिने भएको छ । प्रदेश सभाको जारी छैटौँ अधिवेशनमा मधेश प्रदेश सरकारले तयार पारेका केही अन्य विधेयकहरू पेश गर्ने विषयमा प्रदेश सरकारले तयारी गरिरहेको छ ।

# पूर्वराज्यमन्त्री सिंहविरुद्धको भ्रष्टाचार मुद्दाको सुनुवाइ स्थगित



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका पूर्व राज्यमन्त्री तथा निलम्बित सांसद सरोज कुमार सिंह कुशवाहाविरुद्ध दायर भ्रष्टाचार मुद्दाको सुनुवाइ सोमबार स्थगित गरिएको छ । सरकारी वकिलको आग्रहमा मुद्दाको पेसी सारिएको हो ।

विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट र न्यायाधीश विदुर कोइरालाको इजलासमा सुनुवाइका लागि मुद्दा पेश भए पनि बहस सुरु हुन नपाउँदै स्थगित भएको अदालत स्रोतले जनाएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सिंहविरुद्ध ३८ लाख ५० हजार ३ सय १९ रुपैयाँ बिगो मागदाबी गर्दै मुद्दा दायर गरेको छ ।

आयोगका अनुसार उपभोक्ता समितिको खातामा जम्मा भएको रकम स्वकीय सचिव विनोद कुमार लाल कायस्थमार्फत निकालेर सिंहले आफ्नै र श्रीमतीको संयुक्त खातामा राखी हिनामिना गरेको आरोप लगाइएको छ ।

उक्त मुद्दामा सिंहसँगै रमेश मडर, अमलेश कुमारी, दिपाराज देवी राजपूत, भिखारी राउत कुर्मी, भूपेन्द्र कुमार झा, मञ्जु देवी पासमान, रामनाथ सहनी, स्वीकृति देवी, रामशरण खत्वे, बिभा देवी खत्वे, शम्भु कुमार मण्डल, योगिन्द्र महतो, सुनयना कुमारी, यमुना प्रसाद महतो र कौशिल्या देवीलाई पनि प्रतिवादी बनाइएको छ । अदालतले अब अर्को पेसी तोकेर सुनुवाइ अगाडि बढाउने जनाएको छ ।

# विमानस्थलबाट गाँजासहित थाई नागरिक पक्राउ

**काठमाडौँ ।**
प्रहरीले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट तीन किलो ४३५ ग्राम गाँजासहित सोमबार थाई नागरिकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा बैङ्कबाट काठमाडौँ आएका राहदानी नम्बर एसी २५६६३५६ का ३९ वर्षीय थाई नागरिक योङ्युट थुइओन रहेको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयका प्रहरी नायब उपरीक्षक ढुण्डीराज नेउपानेले जानकारी दिए ।



उनले भने, 'आज थाई एअरलाइन्सको उडान नम्बर टिजी ३०९ द्वारा बैङ्कबाट काठमाडौँ आगमन भएका निज थाई नागरिक थुइओनले आफ्नो सुटकेसभित्र प्रतिबन्धित लागुऔषध गाँजाजस्तो देखिने पदार्थ अन्दाजी तीन किलो ४३५ ग्राम (प्लाष्टिक सहित) लुकाइछिपाई लैजान लागेको अवस्थामा त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको आगमन टनेल गेटबाट नियन्त्रणमा लिइएको हो ।'

नियन्त्रणमा लिइएका निज थाई नागरिक थुइओनलाई थप आवश्यक कारबाहीका लागि लागुऔषध नियन्त्रण ब्यूरो, कोटेश्वर पठाइएको प्रहरी नायब उपरीक्षक नेउपानेले बताए । रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन